## अध्याय एक : शोधपत्रको परिचय

### १.१ पृष्ठभूमि

संस्कृतको 'भाष्' धातुबाट भाषा शब्दको निर्माण भएको हो । यसको अर्थ बोल्नु वा भन्नुमा केन्द्रित रहन्छ । भाषाका माध्यमबाट नै मानिसले आफ्ना विचार वा भावलाई अरु व्यक्तिका सामुन्ने पुऱ्याउँछ र अरुका विचार वा भावलाई ग्रहण गर्दछ । यसैले भाषालाई विचार विनिमयको प्रमुख साधन मान्न सकिन्छ । भाषा नै मानिसको सम्पूर्ण विचारको आपसमा आदान प्रदान गर्ने माध्यम हो । यसरी हेर्दा भाषाको परिभाषा व्यापक रहेको छ तर भाषाविज्ञानका सन्दर्भमा सबैलाई लिइँदैन । भाषाविज्ञानका प्रसङ्गमा भाषाको अर्थ व्यापक नभई सङ्कुचित हुँदै आएको भेटिन्छ (लामिछाने, २०७० : १) ।

विश्वमा बोलिने प्रमुख भाषा परिवारमध्ये सबैभन्दा बढी भाषा र वक्ता भएको भारोपेली भाषा परिवारअन्तर्गत नेपाली भाषा पर्दछ । नेपाल भौगोलिक विविधतायुक्त राष्ट्र हो । जसले गर्दा यहाँका मानिसहरूले बोल्ने भाषामा पनि विविधता छ । नेपालमा बोलिने विभिन्न भाषाहरूमध्ये नेपाली भाषा पनि एक हो । २०६८ सालको जनगणनाअनुसार ४४.६३% नेपालीहरूले नेपाली भाषालाई मातृभाषा वा पहिलो भाषाका रूपमा प्रयोग गर्दछन् र ५१% नेपालीहरूले दोस्रो भाषा वा सम्पर्क भाषाका रूपमा प्रयोग गर्दै आएका छन् (ढकाल, २०६७:३६४) ।

भाषाका मानसिक र भौतिक गरी दुई आधार छन् । मानसिक आधार भाषाको आत्मा हो भने भौतिक आधार शरीर हो । मानिस आफ्नो विचार वा भाव सम्प्रेषणका निम्ति भौतिक आधार वा ध्वन्यात्मक रूपलाई अपनाउँछन् । अभौतिक वा मानसिक वा अध्वन्यात्मक वस्तु विचारको अभिव्यक्तिको प्रकटीकरण भौतिक वा ध्वन्यात्मक रूपमा भएपछि त्यो भाषा बन्दछ । वक्ताले जसरी आफ्नो भावलाई भौतिक आधारलाई अपनाएर प्रकट गर्दछ, त्यसरी नै श्रोताले पनि अभौतिक भावको ग्रहणका लागि भौतिक आधारलाई नै अपनाउने गर्छ (पौडेल, २०७० : २) ।

भाषाशिक्षण भाषिक सीपहरूको शिक्षण हो । प्रभावकारी ढङ्गले भाषाशिक्षण शिक्षण गर्नका लागि भाषा पाठ्यक्रमअनुरूप भाषा पाठ्यपुस्तकको निर्माण र विकास गरिन्छ

(अधिकारी, २०५९ : १) । कुनै पनि तह वा कक्षाहरूका लागि भाषिक उद्देश्यहरू पूरा गर्न तयार पारिएको सामग्रीलाई नै भाषा पाठ्यपुस्तक भनिन्छ । भाषा पाठ्यक्रमका भाषिक अपेक्षाहरू पूरा गर्ने गरी खास तह र कक्षाहरूका लागि लेखन तथा सम्पादन गरिएको शिक्षण सहायक सामग्री नै भाषा पाठ्यपुस्तक हो । यसको पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताहरू हुन्छन् । भाषाको आन्तरिक विशेषतालाई प्राज्ञिक पक्ष भन्ने गरिन्छ । भाषा पाठ्यपुस्तकको यो पक्ष प्राण नै हो । जसमा विषयवस्तु, प्रस्तुति, शब्दभण्डार, भाषा, नमुना, अभ्यास, चित्रहरू, निर्देशन, भूमिका र सन्दर्भसूची आदि जस्ता कुराहरू पर्दछन् । भाषा प्राप्त गर्नु भनेको भाषाका चारवटै सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ,) प्रयोग गर्नु भन्ने बुझिन्छ । यिनै सीपहरू हासिल गर्न निरन्तर अभ्यास महत्वपूर्ण रहन्छ । पाठ्यपुस्तकमा विद्यार्थीहरूको रूचि, क्षमता, स्तर, तह अनुरूप तथा उनीहरूको भाषिक पृष्ठभूमि अनुरूपको नमुना अभ्यास राखिएको हुन्छ । यस शोधकार्यमा **कक्षा दुईको नेपाली भाषापाठ्यपुस्तक (२०७६) को अध्ययन** शीर्षक रहेको छ ।

पाठ्यपुस्तक भनेको कुनै पनि निश्चित खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने प्रमुख अध्ययन स्रोत र सामग्री हो (खनिया र अन्य, २०६६:११०) ।

कसैले बोलेका कुरा श्रवणेन्द्रियका माध्यमबाट सुन्ने क्रियालाई सुनाई भनिन्छ । ध्वनि तरङ्गहरू कानको बाहिरी भाग हुँदै भित्री कान भएर मस्तिष्कमा पुगेपछि मात्र श्रवण हुन्छ । सुनाइलाई भाषाको आधारभूत सीपको रूपमा लिइन्छ । सुनाइ बोधको प्रमुख माध्यम हो ।

भाषा मानवीय सम्पत्तिका साथै विचार सम्प्रेषणको महत्त्वपूर्ण माध्यम हो । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्दछ र यसका सामाजिक सम्पर्कको बिस्तारको फलस्वरूप मानिसमा भाषाको विकास हुँदै जाने भएकाले यो मानवीय व्यवहार र सामाजिक व्यवहारको अभिन्न अङ्ग हो । यो वैचारिक आदान प्रदानका माध्यमले सम्पन्न हुन्छ । अरूद्वारा भाषाका माध्यमले व्यक्त गरिएका विचार एवम् भावनालाई अरू समक्ष प्रस्तुत गर्नु प्रदान हो । यही विचार आदान प्रदानको सर्वाधिक सरल र सुगम प्रक्रिया भाषा हो (शर्मा र पौडेल, २०६८:१) ।

भाषा शिक्षणमा साहित्यिक विधाहरूको उपयोग गर्न सकिन्छ । भाषा शिक्षण भनेको साहित्यिक शिक्षण होइन तर साहित्यिक विविध विधामा प्रयुक्त शैलीका माध्यमले भाषाका

विविध विधामा प्रयुक्त शैलीका माध्यमले भाषाका विविध सीप तथा पक्षलाई सहयोग पुऱ्याउन सकिन्छ । त्यसैले सामान्यतः साहित्यिक आस्वादनका लागि र मूलतः त्यसका माध्यमबाट भाषा प्रयोगमा अभ्यस्त गराउन भाषा शिक्षणमा साहित्यको उपयोग गर्न सकिन्छ । त्यसैले सामान्यतः साहित्यिक आस्वादनका लागि र मूलतः त्यसका माध्यमबाट भाषा प्रयोगमा अभ्यस्त गराउन भाषा शिक्षणमा साहित्यिक उपयोग गर्न सकिन्छ । भाषा शिक्षण सीपको शिक्षण हो । भाषिक सीप शिक्षणको क्रममा उच्चारण, बोध, व्याकरण र शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षणका लागि पनि विषयवस्तु नै प्रमुख माध्यम हो भन्ने बिर्सनु हुँदैन । यसर्थ भाषा शिक्षण गर्दा विषयवस्तु गौण र भाषिक सीप प्रमुख हुन्छ ।

भाषिक सीप सिकाइप्रति विद्यार्थीहरूलाई विभिन्न प्रकारले अभिरुचि पैदा गरी यथेष्ट मात्रामा ज्ञान र सीप दिलाइन्छ । भाषाको शिक्षण र भाषाभन्दा बाहेकका (भाषेतर) विषयको शिक्षणमा प्रशस्त अन्तरहरू छन् । ती अन्तरहरूलाई छुट्याएर मात्रै भाषा शिक्षण गरेमा त्यो अवस्थामा भाषाको महत्व अधिक रहन सक्छ । भाषा शिक्षणमा साधन र साध्य दुवै भाषा हुन्छ भने अन्य विषय शिक्षणमा साधन मात्र भाषा हुन्छ भने साध्य भाषा नभएर विषयवस्तु हुन्छ । भाषाका विषयमा विद्यार्थीहरूलाई कसरी पर्याप्त मात्रामा भाषिक कुशलतामा अभिवृद्धि गर्ने, सक्षम र सबल बनाउने भन्ने प्रमुख ध्येय हुन्छ । भाषाभन्दा अन्य फरक विषयहरूको शिक्षणमा केवल विषयवस्तुको प्रस्तुतीकरण र त्यसबाट प्राप्त ज्ञानका बारेमा सचेष्ट रहन्छ (भण्डारी र अन्य, २०६८:१) ।

नेपाली विषयको शिक्षण भनेको भाषिक सीपको शिक्षण हो । कुनै पनि तहको नेपाली भाषा शिक्षण गर्नु भनेको त्यस तहको पाठ्यक्रमले निर्देश गरेका उद्देश्यहरू प्राप्त गर्न सक्षम बनाउनु हो । प्रस्तुत शोधकार्य **कक्षा दुईको नेपाली भाषापाठ्यपुस्तक (२०७६) को अध्ययन** गरिएको छ ।

## १.२ समस्या कथन

पाठ्यक्रमले के कस्ता भाषिक सीप प्राप्त गर्ने लक्ष्य राखेको छ ? ती सीपहरू प्राप्त गर्न पाठ्यपुस्तकमा के कस्ता विषयवस्तु कार्यकलाप र अभ्यासहरू राखिएका छन् ? बालबालिकाको क्षमता, स्तर, रुचि जस्ता विषयवस्तु पाठ्यपुस्तकमा समावेश गरिएका छन् ? पाठ्यक्रमको अपेक्षित उद्देश्य र पाठ्यपुस्तकबीच तालमेल छ वा छैन ? आदि बारेमा अध्ययन गर्नु आवश्यक हुन्छ । पाठ्यक्रमका उद्देश्यलाई आत्मसात गर्न सक्ने पाठ्यपुस्तकको

उपयुक्तताको निरन्तर खोजी गर्नु यस शोधको समस्या रहेको छ । प्रस्तुत शोध अध्ययनका निम्न लिखित समस्या रहेका छन् :

क) कक्षा दुईको नेपाली भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताका आधारमा स्वरूप कस्तो छ ?

ख) कक्षा दुईको नेपाली भाषा पाठ्यपुस्तकका बाह्य विशेषता के कस्ता छन् ?

## १.३ अध्ययन उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्यहरू निम्न लिखित रहेका छन् :

क) कक्षा दुईको नेपाली भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताको अध्ययन गर्नु,

ख) कक्षा दुईको नेपाली भाषा पाठ्यपुस्तकका बाह्य विशेषताको अध्ययन गर्नु

यी माथिका उद्देश्यमा आधारित भई **कक्षा दुईको नेपाली भाषापाठ्यपुस्तक** (२०७६) **को अध्ययन** गर्दै शोध कार्य अगाडि बढाइएको छ ।

## १.४ अध्ययनको औचित्य

भाषा विषय पढाउनुको मुख्य उद्देश्य भाषाका विषयमा शिक्षण गर्नु मात्र भएर भाषिक कुशलताको शिक्षण गर्नु हो । यसर्थ भाषा पाठ्यपुस्तकको तयार पाठ्यक्रमका उद्देश्य अनुरूप भाषिक सीप विकास हुने किसिमले गर्नुपर्दछ। बालबालिकाको सर्वाङ्गीण विकासलाई मध्यनजर राखी पाठ्यक्रमको तयार गरिएको हुन्छ। आधारभूत तहका बालबालिकाहरू भोलिका देश निर्माता हुन्। बालबालिकाको उमेर, रुचि, स्तर आदि कुरालाई आधार मानेर पाठ्यक्रम तयार गर्नुपर्दछ। भाषा पाठ्यपुस्तकको महत्त्व बुझी त्यसैअनुरूप शिक्षण गर्ने र पाठ्यपुस्तक तयारका सिद्धान्तलाई कतिसम्म अपनाइएको छ ? जस्तो पक्षको अध्ययन गर्न मद्दत गर्ने देखिन्छ । विद्यार्थीको उमेर, स्तर, रुचि एवम् पूर्व ज्ञान आदिका आधारमा पाठ्यपुस्तक तयार भएका छन् वा छैनन् भन्ने कुराको जानकारी हुने हुनाले सो अनुरूप पाठ्यपुस्तक तयार गर्न मद्दत पुग्नेछ ।

## १.५ अध्ययनको परिसीमा

**कक्षा दुईको नेपाली भाषापाठ्यपुस्तक** (२०७६) **को अध्ययन** शीर्षकको शोधपत्र तयारीका क्रममा उक्त पाठ्यपुस्तकको आन्तरिक आधारअन्तर्गत विषयवस्तु/पाठ्यवस्तु, विधाको छनोट तथा प्रस्तुतीकरण, भाषाशैली, शब्दभण्डार, नमुना अभ्यास, चित्र, शब्दसूची, सन्दर्भ सूची, सङ्केत र बाह्य आधारअन्तर्गत आवरण, आकार प्रकार, कागजको स्तर, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ मूल्य र सुलभताका आधारमा अध्ययन गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

| | |
|---|---|
| अध्याय एक | : शोधपत्रको परिचय |
| अध्याय दुई | : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना |
| अध्याय तिन | : अध्ययनको ढाँचा र विधि |
| अध्याय चार | : व्याख्या तथा विश्लेषण |
| अध्याय पाँच | : सारांश, निष्कर्ष, उपयोगिता र सुझाव |
| | सन्दर्भसामग्री |

# अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षा भन्नाले अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्री पढेर, सुनेर अध्ययन मनन् गरेर र तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गरेर गर्नु नै पूर्वकार्यको समीक्षा हो। तसर्थ, पूर्व कार्यको अध्ययन नगरी गरिएको अध्ययन स्तरहीन र अर्थविहीन हुन जान्छ। पूर्वकार्यको पूर्व अध्ययन गर्नुको मुख्य कारण त्यस विषयमा त्यस बेलासम्म भएका यावत् कृति तथा अनुसन्धानहरूको सम्यक् जानकारी दिन्छ जसले गर्दा अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुका साथै अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल बनाउँछ। शिक्षण कार्यमा पाठ्यपुस्तकको महत्त्वपूर्ण स्थान हुन्छ। कार्यक्रमबद्ध सिकाइका लागि पाठ्यपुस्तकमा नै भर पर्नुपर्दछ। विकासोन्मुख मुलुकमा शिक्षण संस्थाहरूमा शिक्षण गर्दा पाठ्यपुस्तकमा नै केन्द्रित रहनुपर्ने बाध्यता छ। यसबाट दिइने शिक्षा सजिलो र विश्वासिलो ठानिन्छ। त्यसैले पाठ्यपुस्तक निर्माण गर्दा समाज सिकारुको स्तर आदि पक्षलाई विशेष ख्याल गर्नुपर्दछ। भाषा पाठ्यपुस्तकको आधारमा भाषा पाठ्यपुस्तक तयार गरिन्छ र यसको तयारीमा विशेष सावधानी अपनाउनुपर्ने हुन्छ। त्यसका लागि पहिलो भाषा पाठ्यवस्तुको छनौट गरेपछि मात्र सोहीअनुसार पाठ्यपुस्तक तयार गरिन्छ। यो अध्ययन **कक्षा दुईको नेपाली भाषापाठ्यपुस्तक (२०७६) को अध्ययन**मा केन्द्रित छ। विभिन्न तहका नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र ती पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासको अध्ययनलाई अनुसन्धानको महत्त्वपूर्ण क्षेत्रका रूपमा लिइन्छ तसर्थ प्रस्तुत शीर्षकका लागि सहयोगी सिद्ध हुने पूर्वकार्यको समीक्षा गर्ने प्रयास गरिएको छ।

कोइराला (२०५९) द्वारा *कक्षा छको हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन* शीर्षकको शोधपत्रमा पाठ्यक्रमको उद्देश्यअनुरूप पाठ्यसामग्रीहरू भएको, चित्रको उपयुक्त प्रयोग भएको, भाषामा उपदेश पक्षमा बढ्ता महत्त्व दिइएको, शिक्षकलाई निर्देशन दिइएको, पृष्ठको सजावट र बँधाइ उपयुक्त भएको निष्कर्ष निकालिएको छ। यसका साथै विधागत रूपले उपयुक्त, विषय क्षेत्रको दृष्टिले खेलकुद र चाडपर्व सम्बन्धी विषयहरू थपिनुपर्ने तथा शब्दार्थहरूमा थप गर्नुपर्ने सुझाव दिइएको छ।

सुवेदी (२०६०) द्वारा प्रस्तुत **कक्षा पाँचको मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र पाठ्यपुस्तक निर्माणका आधारहरूमा रही दुई पुस्तकहरूबीच तुलना गरिएको छ। प्रस्तुत शोधपत्रमा पुस्तकालयीय विधिद्वारा सामग्री सङ्कलन गरी सङ्कलित सामग्रीलाई तुलनात्मक विधिद्वारा विश्लेषण गरिएको पाइन्छ। यस अध्ययनमा नेपाली किताब सजिलो नेपाली मालाभन्दा पाठ्यक्रम अनुरूप रहेको र भाषिक सीपहरूको संयोजनमा पनि सजिलो नेपालीमालाभन्दा उपयुक्त रहेको तथा प्राज्ञिक पक्षमा मेरो नेपाली माला राम्रो र भौतिक पक्षमा सजिलो नेपाली माला राम्रो रहेको भनिएको छ। तर, विद्यार्थीको मनोवैज्ञानिक पक्षलाई भने दुवै पाठ्यपुस्तकले बेवास्ता गरी यान्त्रिकतातर्फ उन्मुख भएको निचोड निकालिएको छ।

काफ्ले (२०७२) द्वारा **कक्षा सातको नेपाली र रसिलो नेपालीको तुलना** शीर्षकको शोधपत्रबाट बाह्य, भौतिक पक्षका आवरण, कागजको गुणस्तर, मसीको प्रयोग, छपाइ, बँधाइ जस्ता विशेषताहरू रसिलो नेपालीमा उपयुक्त भएको देखिन्छ। सबै पाठ्यपुस्तकको कथा विधाको पाठहरूका आधिक्यता रहेको छ भने नेपाली पाठ्यपुस्तकमा रहेको शोध अनुसन्धानमा तालिका सूचीपत्र टिपोटपत्र प्रश्नावली आदि साधनबाट सङ्कलन गरिएको असाङ्ख्यिक तथ्याङ्कहरूलाई पाठ्यपुस्तकका आन्तरिक र बाह्य पक्षका अध्ययन तुलानत्मक विधिद्वारा विश्लेषण गरेको पाइन्छ। नेपाली पाठ्यपुस्तकमा बढी मात्रामा कठिन शब्दहरूको अर्थ दिइएको, सुनाइ सीप सम्बन्धी अभ्यास दुवै पाठ्यपुस्तकमा निकै कम रहेको र दुवैमा लेखाइ सीपलाई जोड दिइएको निष्कर्ष पाइन्छ।

पौडेल (२०७३) **कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको तुलना** शीर्षकको शोधपत्रमा नेपाली पाठ्यपुस्तकमा प्रत्येक पाठहरूलाई शीर्षक मूलपाठ, मूलपाठसँग शब्दार्थ, पाठ सम्बन्धी मूल अभ्यास, शब्दभण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण र सिर्जनात्मक अभ्यासका क्रममा क्रमशः राखिएको छ भने वैखरी पाठ्यपुस्तकका प्रत्येक पाठहरूलाई शीर्षक पूर्वपठन साथै जानिराख्नुपर्ने केही शब्दार्थ सुनाइका अभ्यासहरू बोलाइका केही चित्र त्यसपछि मूलपाठ अनि क्रमशः पढाइ र लेखाइ, लेखाइ शब्दभण्डार व्याकरण समूहमा भाषा र लघु परियोजनाका अभ्यास रहेका छन्। नेपालीमा सामूहिक अभ्यास दिइएका छैनन्। वैखरीमा उच्चारणगत कठिन शब्द, हिज्जेका लागि १०८ ओटा

अर्थगत कठिन १४५ ओटा शब्दको अर्थ दिइएको छ। यी शब्दभण्डारलाई नवीन मान्दा वैखरीमा भन्दा नेपालीमा नवीन शब्दको ज्ञान बढी रहेको देखिन्छ भनी चर्चा गरिएको छ।

श्रेष्ठ (२०७४) द्वारा **कक्षा आठको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त विविध नमुना अभ्यास : एक तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्रमा उक्त पाठ्यपुस्तकमा समाविष्ट रहेका विधाअनुसार नमुना अभ्यासहरूले धेरै क्षेत्र ओगटेको देखिन्छ। उक्त पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरू पूर्णरूपले पाठ्यक्रम अनुरूप चयन भएको देखिँदैन। किनकि पाठ्यक्रमले तोकेअनुसार भाषिक सीप विकास गराउने छैन। सबै विधामा सुनाइ सीप विकास गराउन नमुना अभ्यासको कम प्रयोग गरिएको छ। सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई कतैकतै एकीकृत रूपमा समावेश गरिएको छ। विधागत रूपमा सम्बन्धित पाठ्यपुस्तकका नमुना अभ्यासको विवरणलाई हेर्दा पाठसँग सम्बन्धित नमुना अभ्यासहरू, व्याकरणात्मक अभ्यासहरू र सिर्जनात्मक अभ्यासहरू जस्ता क्षेत्रलाई समेटेको देखिन्छ। सबै विधाअन्तर्गतका नमुना अभ्यासमा सुनाइ सीपको खासै प्रयोग गरिएको छैन। बोलाइ, लेखाइ र पढाइ सीपको प्रयोग भने पाठ्यक्रम अनुरूप देखिन्छ।

रसाइली (२०७४) द्वारा **वर्तमान कक्षा छ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन** शीर्षकको शोधपत्रमा नेपाली भाषा पाठ्यक्रमले विभिन्न विधागत पाठहरूलाई समावेश गरी भाषिक सीप विकास गराउने उद्देश्य राखेको छ। नमुना अभ्यास विद्यार्थीको उमेर, तह, क्षमता र रुचि अनुरूप नै छनोट भएको देखिन्छ। नमुना अभ्यासलाई विविधिकरण गरी प्रस्तुत गरिएको छ। नमुना अभ्यास विषयवस्तुको सैद्धान्तिक ज्ञानमा भन्दा व्यावहारिक ज्ञानतर्फ उन्मुख भएको देखिन्छ। नमुना अभ्यास सरलदेखि जटिलताको क्रममा प्रस्तुत गरिएको छ। उद्देश्य, विभिन्न तह, ज्ञान, बोध, व्यावहारिक सीपलाई समेट्ने गरी अभ्यासको समायोजन गर्ने प्रयास गरिएको देखिन्छ। समान किसिमका विधागत पाठमा अभ्यासहरूको बारम्बार पुनरावृत्ति मात्र भएको छ। बोलाइ सीपको स्थितिलाई हेर्दा शुद्ध र स्पष्ट उच्चारण गर्न, उत्तर भन्न लगाइएको छ। जसले पाठ्यक्रमको उद्देश्यलाई पछ्याएको छ। पाठ्यक्रमले सबै भाषी विद्यार्थीहरूमा सीप अभिवृद्धि गर्ने लक्ष्य लिएको छ। नमुना अभ्यासले कसैलाई विभेद नगरी समान सीप विकासमा टेवा पुऱ्याउने तर्फ ध्यान दिएको छ।

## २.२ पुनरावलोकनको उपादेयता

माथि उल्लेखित शोधपत्रहरू र पुस्तकहरूको समीक्षाको आधारमा यस विषयसँग सम्बन्धित अनुसन्धान तथा लेखहरूमा पाठ्यपुस्तकको अध्ययन सम्बन्धी भनिएको कुरालाई सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ । यस विषयमा उल्लेखित अध्ययनहरूले प्रस्तुत शोधकार्य सम्पन्न गर्न सहयोग पुऱ्याएका छन् । शोधपत्र तयार गर्दा सैद्धान्तिक साहित्य र सम्बन्धित साहित्यको पुनरावलोकनद्वारा शोधशीर्षक सम्बन्धी सैद्धान्तिक ज्ञान हासिल गर्न सहयोग पुग्नेछ । आफ्ना विचारहरूलाई सान्दर्भिक र प्रमाणिक बनाउन तथ्यहरू उपलब्ध हुने भएकोले गर्दा शोधपत्र गहकिलो र कसिलो बन्न पुग्नेछ । पहिले गरिएका खोज अध्ययन अनुसन्धानद्वारा समस्याहरू राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक छनोट गर्न सहयोग पुग्नेछ । अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणाको पहिचान गर्न र नयाँ सिद्धान्तको खोजी गर्न समेत उपयोगी बन्न पुग्नेछ । अनुसन्धान ढाँचा निर्धारण गरी उपयुक्त र अनुकुल उपकरणहरूको छनोट गर्नका साथै पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानको क्षेत्रहरू पत्ता लगाउन सैद्धान्तिक र सम्बन्धित साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याएको छ ।

## २.३ सैद्धान्तिक ढाँचा

भाषा पाठ्यपुस्तक भाषा सिकाइ शिक्षणका निम्ति तयार गरिएको महत्त्वपूर्ण सामग्री हो । यो भाषाका सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकास गर्ने अभिप्रायले तयार पारिएको हुन्छ । यसलाई भाषा पाठ्यक्रम आधारित भई तयार पारिएको सामग्रीको रूपमा लिइएको छ । भाषा पाठ्यक्रमका उद्देश्य परिपूर्ति गर्ने प्रयोजनले भाषा पाठ्यपुस्तक निर्माण गर्नुपर्छ ।

भाषा पाठ्यक्रममा समाविष्ट विषयवस्तु, विधा र भाषातत्त्वलाई समेटेर गरिन्छ अर्थात् यसमा साहित्यिक र साहित्येतर विषयवस्तु समावेश गरिएको हुन्छ । जसले भाषिक ज्ञान र साहित्यिक सामर्थ्य विकासमा सहयोग पुऱ्याउँछ । भाषा पाठ्यपुस्तकको निर्माणमा शब्दभण्डारको नियन्त्रण, संरचनात्मक नियन्त्रण, विषयवस्तु नियन्त्रण, विद्यार्थीको रुचि, आवश्यकता र आन्तरिक बाहृय विशेषतालाई विशेष ध्यान दिएको हुन्छ (पौडेल, २०६९:२७८) ।

पाठ्यक्रमको उद्देश्य अनुरूप शिक्षण गर्नका लागि तयार पारिएका पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ (पौडेल, २०६९:२६३) । पाठ्यपुस्तकहरू सम्बन्धित तह र कक्षा अनुरूप तयार पारिन्छन् । भाषापाठ्पुस्तकको मात्रै अलग्गै परिभाषा तथा अवधारणा नबनेकाले पाठ्यपुस्तककै अवधारणाका सापेक्षतामा भाषापाठ्यपुस्तकलाई बुझ्नुपर्ने हुन्छ ।

विषयगत ज्ञान दिने उद्देश्य नभई भाषिक सीप सिकाउने उद्देश्यले तयार पारिएका पुस्तकहरू भाषापाठ्यपुस्तक हुन् । भाषा पाठ्यपुस्तक भाषा शिक्षणका महत्त्वपूर्ण र आधिकारिक सामग्री हुन् । यिनकै सहयोगबाट विद्यार्थीहरूले सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूप अपेक्षित उद्देश्यहरू हासिल गर्दछन् । भाषिक सीपको विकास गर्ने उद्देश्यले निर्मित भाषापाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र आवश्यकता ख्याल गरेर सङ्गठित गरिएको हुन्छ (पौडेल, २०६६:१७८-१८१) ।

बृहत् नेपाली शब्दकोश (२०४०) अनुसार "विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो ।"

शर्मा र पौडेल, (२०६८:३४१) का अनुसार "पाठ्यपुस्तक भनेको विद्यालय तहको औपचारिक शिक्षण सिकाइ समेतको एउटा भरपर्दो, व्यवस्थित एवम् सर्वाधिक महत्त्वपूर्ण शिक्षण सामग्री हो ।"

प्रस्तुत अध्ययनमा निम्नअनुसारको सैद्धान्तिक ढाँचालाई विश्लेषणको आधार बनाइएकाले यहाँ यी आधारहरूलाई सङ्क्षेपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

### २.३.१ भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषण

कुनै पनि तहको भाषा पाठ्यपुस्तकको मूल्याङ्कन, अध्ययन गर्दा त्यसमा निहित गुण वा विशेषतालाई आधार बनाउने गरेको पाइन्छ । आवरण, आकारप्रकार, अक्षरको आकार, कागजको स्तर, मूल्य, सुलभता, विषयवस्तु, विधाको छनोट, पाठको प्रस्तुतीकरण, विविधता, भाषा, चित्र, नमुना अभ्यास, भूमिका आदिलाई भाषा पाठ्यपुस्तकका गुण वा विशेषताका रूपमा लिने गरिएको पाइन्छ (भण्डारी र अन्य, २०६८:२०१) । यी आधारहरू भौतिक/बाह्य आधार तथा आन्तरिक/प्राज्ञिक आधार गरी दुई भागमा विभाज्य छन् ।

### २.३.१.१ बाह्य/भौतिक/परिधीय आधार

पाठ्यपुस्तकको बाहिरी आधार अन्तर्गत निम्न पक्षहरूको अध्ययन गरिएको पाइन्छ ( भण्डारी र अन्य, २०६८:२०१) ।

**आवरण**

आवरण पुस्तकको भित्री सौन्दर्य जोगाउन प्रयोग गरिएको र पाठ्यवस्तु पनि प्रतिबिम्बित भएको कागज हो (भण्डारी र अन्य, २०६८:२०१) । यसैलाई हेरेर कुन तह र विषयको पाठ्यपुस्तक हो भनी थाहा पाउन सकिन्छ । यो आकर्षक, बाक्लो, बलियो र उचित रङ्गको संयोजन भएको साथै भित्री विषयवस्तुलाई प्रतिबिम्बित गर्ने चित्रहरू पनि भएको हुनुपर्ने मान्यता राखिन्छ ।

**आकारप्रकार**

पाठ्यपुस्तकहरू विभिन्न आकार र प्रकारका हुन्छन् । सामान्यतया भाषा पाठ्यपुस्तकहरू ७ देखि ९ इन्चसम्मको चौडाइ र १० देखि १२ इन्चसम्मको हुनु आवश्यक छ (भण्डारी र अन्य, २०६९ : १८५) ।

**कागजको गुणस्तर**

भाषापाठ्यपुस्तक लगायत अन्य जुन पुस्तकमा पनि गुणस्तरीय कागज आवश्यक पर्दछ । यस्तो कागज सेतो, चिल्लो, बाक्लो साथै हेर्दा आकर्षक हुनु राम्रो मानिन्छ । यस्तो भएमा चाँडै च्यातिने, भाँचिने, दोब्रिने, अक्षर छापिने र पल्टाएको ठाउँमा नअडिने समस्या कम हुन्छ ।

**छपाइ र बँधाइ**

पाठ्यपुस्तक छाप्दा उपयुक्त छपाइ र बँधाइ आवश्यक पर्छ । छपाइका लागि किताबको प्रकृति, तह र स्तरअनुसार गुणस्तरीय मसीको प्रयोग र त्यसको उचित संयोजनमा ध्यान दिनुपर्दछ । पुस्तक छापिएपछि बँधाइका लागि पनि विशेष ध्यान दिनुपर्दछ । बँधाइ बलियो र मजबुत हुनुपर्दछ । स्टेपलर प्रयोग गर्दा खिया लागेर उक्किने सम्भावना हुने हुँदा गम टाँस्नु तथा धागोले सिलाइ गर्नुपर्दछ र सिलाइ गर्दा दायाँ बायाँ अक्षर नछोपिने गरी ठाउँ छोड्नुपर्दछ ।

**अक्षराकार र ठाउँ छोडाइ**

पाठ्यपुस्तकमा अक्षराकार र अक्षर-अक्षरबीचको ठाउँ छोडाइमा विशेष ध्यान दिनुपर्छ । तह अनुसारका र अक्षरको तलमाथि वरपर छोडाइ उचित भएमा हेर्दा आकर्षक र पढ्दा स्पष्ट सहज रूपमा बुझिने हुन्छ । कक्षा ४ र ५ का लागि १४ देखि १६ प्वाइन्टसम्म अक्षराकार उपयुक्त मानिन्छन् । त्यसैगरी अक्षर अक्षरबीचको अन्तरालमा कक्षा चारका लागि ०.११ इन्चको अन्तराल राखिनु उपयुक्त मानिन्छ । पङ्क्तिका दृष्टिले ०.२५/०.२ इन्चको अन्तराल र अनुच्छेदबीचको ठाउँ छोडाइ प्राथमिक स्तरका लागि ०.२/०.१६ इन्चसम्म स्थिरीकृत गर्नु राम्रो मानिन्छ । माथितिर १/१.५ इन्च, तलतिर १ इन्च र दायाँ बायाँ १ देखि ०.५ इन्चसम्म किनारा छाड्नु उपयुक्त मानिन्छ । यस बाहेक दायाँ र बायाँतर्फ बँधाइका लागि छुट्टै स्थान छाड्नु र अनुच्छेदका सुरुको पङ्क्ति अन्य पङ्क्तिभन्दा १ देखि ०.५ इन्चसम्म छाडेर लेख्दा आकर्षक देखिन्छ (पौडेल, २०७३:२९) ।

पाठ्यपुस्तकमा प्रयोग गरिने अक्षरहरूको आकार र अन्तराल (ठाउँ छोडाइ)लाई महत्त्वपूर्ण पक्षका रूपमा लिनुपर्दछ । साना कक्षाहरूका पाठ्यपुस्तकमा ठूला अक्षर र ठूला कक्षाहरूमा क्रमशः अक्षरहरूको आकार घटाउनुपर्दछ (भण्डारी र अन्य, २०६८) । प्राथमिक तहका लागि १४ देखि १६ प्वाइन्टसम्मका अक्षरहरू हुनु उपयुक्त मानिन्छ । पाठको मूल शीर्षक पाठ्यपुस्तक र अभ्यासमा क्रमशः अक्षराकार घटाउँदै लानु भाषा वैज्ञानिक दृष्टिले सान्दर्भिक मानिन्छ ।

**मूल्य र सुलभता**

जुनसुकै पुस्तकमा पनि पाठक/ग्राहकको ध्यान सबभन्दा पहिला मूल्यमा नै जान्छ । अझ विद्यालयमा पठनपाठन हुने पाठ्यपुस्तकहरू एकदमै सस्तो हुनुपर्दछ भन्ने अपेक्षा सबै अभिभावकको हुन्छ, यो स्वभाविक पनि हो । अन्य पुस्तक लगायत अन्य सबै पुस्तकहरू आवश्यक ठाउँमा अनिवार्य रूपमा समयमै पुग्नुपर्दछ अनि मात्रै यसको सही प्रयोग गर्न सकिन्छ । जसका लागि पुस्तक छापिन्छ उसैले उचित समयमा पढ्न पाएन भने त्यसको महत्त्व रहँदैन । विद्यालयहरूमा अनिवार्य रूपमा पढाइ हुने पाठ्यपुस्तक त झन पढाइ सुरु हुनुभन्दा अगावै सम्बन्धित ठाउँमा पुगिसक्नुपर्छ ।

### २.३.१.२ आन्तरिक/प्राज्ञिक आधार

पाठ्यपुस्तकको आन्तरिक स्वरूप अन्तर्गत निम्न पक्षहरूको अध्ययन गरिएको पाइन्छ (भण्डारी र अन्य, २०६९:१८७) ।

#### विषयवस्तु/पाठ्यवस्तु

भाषापाठ्यपुस्तकमा पाठ्यवस्तु/विषयवस्तु केन्द्रीय भागका रूपमा रहन्छ। पाठ्यवस्तुहरू भाषापाठ्यपुस्तकमा विभिन्न साहित्यिक र साहित्येतर विधाहरूसँग सम्बन्धित भएर शीर्षक, उपशीर्षक, शब्दभण्डार, भाषातत्त्व आदिका रूपमा समेटिएका हुन्छन्। ती पाठ्यवस्तुहरूले भाषिक, संरचनागत, शैलीगत, अभ्यासगत, तथ्यगत, स्तरगत आदि विशेषतालाई अँगालेको हुनुपर्दछ (भण्डारी र अन्य, २०६९:१८७) ।

#### विधाको छनोट

पाठ्यवस्तु प्रस्तुत गर्ने प्रमुख आधारलाई नै विधा भनिन्छ (भण्डारी र अन्य, २०६९:१८८) । विधाकै माध्यमबाट भाषिक लक्ष्य पूरा गरिने भएकाले भाषाशिक्षणमा विधाको सर्वाधिक महत्त्व हुन्छ। विधा छनोट गर्दा विद्यार्थीको भाषिक, बौद्धिक स्तर, कक्षा, तह, पाठ्यक्रम, सरलदेखि जटिलको क्रम, शिक्षाको राष्ट्रिय उद्देश्य अनुरूप र विषयगत मर्मको अनुकूललाई ख्याल गर्नुपर्दछ। भाषा पाठ्यपुस्तकमा विधा अन्तर्गत कविता, कथा, निबन्ध, जीवनी, रूपक, चिठीलाई लिने गरिन्छ र यी विधासँग शब्दभण्डार र व्याकरण पनि समावेश गरिन्छ ।

#### पाठको प्रस्तुतीकरण र विविधता

पाठको प्रस्तुतीकरण भनेको पाठ्यवस्तु/विषयवस्तुका रूपमा छुट्याइएका विधाहरूलाई व्यवस्थित र वैज्ञानिक अनुक्रममा राख्ने काम हो। भाषा पाठ्यपुस्तकमा विधाको छनोट भइसकेपछि तिनलाई समतलीय र लम्बीय सङ्गठनात्मक ढाँचामा सरलबाट जटिलको क्रममा सिकारुको स्तर, उमेर, रुचि, आवश्यकता र सिकाइको प्रवृत्ति तथा तरिका अनुरूप एकअर्का पाठबीच अन्तरसम्बन्ध कायम हुने गरी प्रस्तुत गर्नुपर्दछ। भाषिक सीपको अभ्यास र विकासका लागि पाठको प्रस्तुतीकरण र विविधता महत्त्वपूर्ण पक्ष मानिन्छ ।

**भाषा**

हरेक पुस्तक, पाठ्यपुस्तक, भाषा पाठ्यपुस्तक लेखनको माध्यम भाषा हो । अझ भाषापाठ्यपुस्तकमा भाषा साधन र साध्य दुवै हो (भण्डारी र अन्य, २०६८:२०७) । पाठ्यपुस्तकमा विद्यार्थीको क्षमता वा स्तरको भाषा प्रयोग गर्नुपर्दछ । भाषा पाठ्यपुस्तकमा भएका विधागत पाठ्यवस्तुहरू भाषिक सीप, समझ र क्षमता अभिवृद्धिका लागि उपयोग गरिने मुख्य सामग्री भएकाले पाठ्यक्रमको अपेक्षा, पाठ्यवस्तुको प्रवृत्ति अनुरूप सरल, आकर्षक एवम् रुचिपूर्ण भाषाको प्रयोग भएको हुनुपर्छ ।

**चित्र**

भनिन्छ, सयौँ शब्दहरूले बोल्न नसकेको कुरा एउटै चित्रले बोल्न सक्छ । त्यसले हरेक पाठ्यपुस्तकमा चित्रको धेरै महत्त्व हुन्छ । पाठ्यपुस्तकमा सान्दर्भिक र आकर्षक चित्रहरूको व्यवस्थापन गर्नाले पाठ्यवस्तुको पठनपाठन धेरै सरल, सहज र स्पष्ट हुन्छ । यसरी राखिने चित्रहरू पाठ्यवस्तुको आशय, सिकाउन खोजिएको सीप, विषयगत ज्ञान तथा धारणा अनुकूल हुनुपर्दछ साथै यी चित्रहरू सफा, आकर्षक र पाठ्यवस्तु अनुकूल सुहाउँदो आकारमा हुनुपर्दछ (पौडेल, २०६९:२७४) ।

**नमुना अभ्यास**

पटक-पटकको अभ्यासबाट मात्रै कुनै पनि काममा निपूर्ण भइन्छ। भाषा पाठ्यपुस्तकको उद्देश्य पूरा गर्न र भाषिक उपलब्धि हासिल गर्न तोकिएका विषय तथा विधाहरूमा पर्याप्त अभ्यासको आवश्यकता पर्दछ। भाषापाठ्यपुस्तकमा अभ्यासका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार क्षेत्रहरू छुट्याइएका हुन्छन् । पाठ्यवस्तु तथा विधासँग नमुना अभ्यास अन्तरसम्बन्धित हुनुपर्दछ ।

**अन्य**


भाषा पाठ्यपुस्तकमा माथि उल्लेखित विभिन्न पक्षहरू बाहेक भूमिका, विषयसूची, शब्दसूची, सन्दर्भसूची, सङ्केत, शिक्षक अभिभावकलाई निर्देशन, प्रकाशक, संस्था, लेखक आदि विविध कुराहरू रहेका हुन्छन् । यी कुराहरू पनि उपयुक्त ढाँचामा संयोजन हुनुपर्दछ जसले गर्दा पाठ्यपुस्तक प्रयोग गर्न सरल र हेर्दा आकर्षक देखिन्छ । भाषा पाठ्यक्रमको दायराभित्र रहेर त्यसकै अपेक्षा अनुरूप एउटा निश्चित तह र कक्षाका लागि भाषिक सीप,

संज्ञानात्मक सीप र व्याकरणका आधारभूत कुरा सिकाउने उद्देश्यले विद्यार्थीको योग्यता, क्षमता र आवश्यकता अनुसार तोकिएका विशेषज्ञद्वारा निर्धारित पाठ्यांशहरू समावेश गरी तयार पारिएको महत्त्वपूर्ण पाठ्यसामग्री नै भाषा पाठ्यपुस्तक हो (पौडेल, २०६९:२७५) ।

निष्कर्षमा भन्नुपर्दा भाषा पाठ्यपुस्तकका बारेमा विस्तृत चर्चा भइसकेकाले यहाँ भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारमा पाठ्यक्रमले तोकेका उद्देश्यहरू परिपूर्ति हुने किसिमले पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ । विद्यार्थीको सिकाइको प्रयोजन र आवश्यकता पूरा गर्न सक्ने किसिमको पाठ्यपुस्तक निर्माण गर्नु आवश्यक देखिन्छ ।

## २.४ अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययन निम्नअनुसारको अवधारणात्मक ढाँचामा आधारित रहेको छ :




उपर्युक्त चित्रात्मक ढाँचाबाट प्रस्तुत शोधकार्यमा **कक्षा दुईको नेपाली भाषापाठ्यपुस्तक (२०७६) को अध्ययन**को आन्तरिक र बाह्य आधारमा अध्ययन गरिएको छ । आन्तरिक विश्लेषण अन्तर्गत आवरण, आकारप्रकार, कागजको गुणस्तर, छपाइ र बँधाइ, अक्षराकार र ठाउँ छोडाइ, मूल्य र सुलभताका आधारमा अध्ययन गरिएको छ भने बाह्य आधार अन्तर्गत विषयवस्तु, विधाको छनोट, पाठको प्रस्तुतिकरण र विविधता, भाषा, चित्र, नमुना अभ्यास र अन्य आधारमा अध्ययन गरी उक्त अध्ययनको व्याख्या विश्लेषण गरिएको छ र अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय तीन : अध्ययनको ढाँचा र विधि

अनुसन्धानात्मक ढाँचा भन्नाले अध्ययनको प्रकृति र प्रकार अनुसार भाषिक अनुसन्धान विधिहरू समेटेर शोध प्रतिवेदन तयार पार्ने भन्ने बुझिन्छ। प्रस्तुत शोध प्रतिवेदन भाषिक अनुसन्धानका सामान्य विधिमध्ये पुस्तकालयीय विधिका आधारमा गरिएको छ। विद्यार्थीहरू भाषिक उपलब्धिहरू भाषिक समस्याहरू आदिका जानकारी सम्बन्धित क्षेत्रमा नै गएर लिन सकिने भएकाले यो विधिका रूपमा रहेको छ। यस शोधकार्यको सामग्री सङ्कलनका लागि प्राथमिक स्रोत र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ।

## ३.१ तथ्याङ्क सङ्कलन

प्रस्तावित शोधमा निम्न दुई किसिमका सामग्रीहरू उपयोगमा ल्याइएको छ :

### ३.१.१ प्राथमिक स्रोत

अध्ययनको प्राथमिक स्रोतका रूपमा नेपाली किताब पुस्तकलाई लिइएको छ।

### ३.१.२ द्वितीयक स्रोत

अध्ययनको द्वितीयक स्रोतअन्तर्गत यी दुवै पुस्तकका सन्दर्भमा छापिएका विचार, समीक्षाको सहयोग लिइएको छ। समालोचक समीक्षकका विचार सम्बन्धी विज्ञका राय साथै अन्य पुस्तक र विभिन्न शोधपत्रहरू रहेका छन्।

## ३.२ अध्ययन विधि/पद्धति

सामग्री सङ्कलन पश्चात यस शोधलाई अध्ययन गर्न विशेषतः वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ। आवश्यकताअनुसार विषय विज्ञका विचार, सल्लाह, सुझावलाई अध्ययनको विधिको रूपमा प्रयोग गरी पाठ्यपुस्तकका प्राज्ञिक र बाह्य गुणका विशेषताका आधारमा व्याख्या विश्लेषण गरिएको छ भने सोधनी विधिको पनि प्रयोग गरिएको छ।

### ३.३ जनसङ्ख्या र नमुना

प्रस्तुत शोधपत्र **कक्षा दुईको नेपाली भाषापाठ्यपुस्तक** (२०७६) **को अध्ययन**को जनसङ्ख्याको रूपमा कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तक रहेको छ भने त्यसभित्रका तोकिएका पाठहरू जनसङ्ख्या र नमुनाका रूपमा रहेका छन् ।

### ३.४ तथ्याङ्क सङ्कलन विधि

विभिन्न स्रोतबाट सामग्री सङ्कलन, छनोट र निर्माण पश्चात समस्यालाई वर्गीकरण गरी, पाठ्यपुस्तकका आन्तरिक र बाह्य पक्षका आधारमा पाठ्यपुस्तकको विश्लेषण गरिएको छ ।

### ३.५ अनुसन्धान प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्त्वपूर्ण पक्ष हो । विभिन्न स्रोतहरूबाट प्राप्त जानकारीलाई व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्षमा पुग्न सकिन्छ। यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन मुख्यतया पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्रीहरू सङ्कलन गरिएको छ। सङ्कलित सामग्रीहरूको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्न विभिन्न पाठ्यपुस्तकहरू, शीर्षकसँग सम्बन्धित शोधपत्रहरू, भाषा शिक्षण सम्बन्धी पुस्तकहरू, प्रतिवेदनहरू साथै प्रकाशित र अप्रकाशित शोधपत्रबाट सामग्रीहरू सङ्कलन गरिएको छ। सामग्री सङ्कलन गरिसकेपछि पुस्तकालयीय विधिलाई आधार बनाएर विश्लेषण गरिएको छ। त्यसैगरी आवश्यकता अनुसार तालिकीकरण गरिएको छ ।

# अध्याय चार : व्याख्या तथा विश्लेषण

## ४.१ बाह्य आधारमा *मेरो नेपाली किताब*को विश्लेषण

### ४.१.१ आवरण पृष्ठ

पाठ्यपुस्तकको सबभन्दा बाहिरको बाक्लो बलियो आकर्षक रङ्गीन खालको बनोट नै आवरण पृष्ठ हो । पाठ्यपुस्तकलाई सुरक्षित गराउने भएकाले आवरण पृष्ठ बलियो, दह्रो र बाक्लो खालको हुनुपर्दछ । यो पृष्ठ पाठ्यपुस्तकको सङ्केतक पनि हो । यसै पृष्ठले कुन तह, कक्षा तथा विषयको पुस्तक हो भन्ने कुरा बताउँछ (पौडेल, २०७३:१२९) । आवरणमा भाषाको पाठ्यपुस्तक जनाउने खालका चित्र र दृश्यावलीहरूको आकर्षक प्रयोग गरिएमा झन राम्रो मानिन्छ ।

कक्षा दुईको मेरो नेपालीको आवरण पृष्ठ सामान्य खालको देखिन्छ । यसमा ४० प्वाइन्टको अक्षरमा मेरो नेपाली र ५० प्वाइन्टको अक्षरमा २ लेखिएको छ । हल्का गुलाबी पृष्ठभूमिमा सेतो रङ्गले ठूलो अक्षरमा मेरो नेपाली र रातो पृष्ठभूमिमा सेतो रङ्गले एउटा गोलोभित्र २ लेखिएको छ । मेरो नेपाली पाठ्यपुस्तकको आवरण पृष्ठमा लुडोको गट्टीमाथि एकजना विद्यार्थी नाचिरहेको र कफि रङ्गको पृष्ठभूमिमा उभिएर अर्को जनाले मादल बजाइरहेको कुरालाई देखाइएको छ । पछाडिको आवरणमा हल्का गुलाबी पृष्ठभूमिमा माथि कक्षा दुईको कक्षागत गीत भनेर कालो अक्षरले लेखिएको छ । बीचमा सेतो रङ्गको पृष्ठभूमिमा कालो मसीले कक्षागत गीत लेखिएको छ र अन्तिममा कफि रङ्गको पृष्ठभूमिमा नेपाल सरकारको छापसहित प्रकाशक, वितरकको नाम, ठेगाना दिइएको छ भने गाढा रातो पृष्ठभूमिमा सेतो मसीको प्रयोग गरी मूल्य तोकिएको छ भने मोनोग्राम टिकट गाढा पृष्ठभूमिभित्र पुनः सेतो पृष्ठभूमिको प्रयोग गर्दै कालो अक्षरमा लेखिएको छ ।

### ४.१.२ आकार/प्रकार

आकारप्रकार भन्नाले पाठ्यपुस्तकको स्वरूप, सजावट तथा आकृति (साइज) भन्ने बुझिन्छ । भाषा पाठ्यपुस्तक ए फोर (डिमाइ) आकारको हुनुपर्ने मान्यता राखिन्छ । भाषा पाठ्यपुस्तकको आकार विद्यार्थीको स्तर सुहाउँदो र विद्यार्थीहरूलाई बोक्न सजिलो हुने किसिमले छनोट गर्नुपर्दछ (भण्डारी र अन्य, २०६९ : १८५) । भाषापाठ्यपुस्तकको औसत लम्बाइ १०-१२ र चौडाइ ७-९ इन्च हुनु उपयुक्त मानिन्छ ।

भाषा पाठ्यपुस्तकको आकार विद्यार्थीको स्तर सुहाउँदो हुनुपर्दछ र खास गरी विद्यार्थीहरूलाई बोक्न सजिलो हुने किसिमले भाषा पाठ्यपुस्तकको आकार छनोट गर्नुपर्दछ। खासगरी डिमाइ आकारका पाठ्यपुस्तक उपर्युक्त मानिन्छ। एक ठाउँबाट अर्को ठाउँमा लैजान र झोलामा सजिलो किसिमले राख्न सकिने हुनुपर्दछ। प्राथमिक तहका लागि बाह्र इन्च चौडाइ र १४ देखि १६ इन्च लम्बाइ भएका किताब व्यावहारिक मानिन्छन्।

मेरो नेपाली भाषापाठ्यपुस्तकको आकारप्रकारका दृष्टिले सामान्यतः ठिकै जस्तो लाग्दछ। डिमाइ (ए फोर) आकारसँग यो मिल्दोजुल्दो नै देखिन्छ। यसको लम्बाइ ९ इन्च र चौडाइ ७ इन्च रहेको छ। अगाडिको आवरण पृष्ठ, अन्य पृष्ठ र पछाडिको आवरण पृष्ठ बाहेक यस पाठ्यपुस्तकको मूल पाठ रहेको पृष्ठसङ्ख्या १०० रहेको छ।

यसरी माथि प्रस्तुत पुस्तकहरूको आकार प्रकार, भाषा पाठ्यपुस्तकसँग नै मिल्दोजुल्दो देखिन्छ। समग्रमा हेर्दा यसलाई झोलामा राखेर यताउति सजिलै बोकेर हिँड्न सक्ने गरी तयार पारिएको देखिन्छ।

### ४.१.३ कागजको गुणस्तर

भाषापाठ्यपुस्तकमा कागजको गुणस्तर राम्रो हुनुपर्दछ। कागज जति सेतो, चिल्लो, राम्रो र बाक्लो भयो त्यति आकर्षक र गुणस्तरीय मानिन्छ। चाँडै च्यातिने, दोब्रिने, भाँचिने, अक्षर उड्ने कागज पाठ्यपुस्तकका निम्ति गुणस्तरीय मानिँदैन (भण्डारी र अन्य, २०६८ : २०३)। भाषापाठ्यपुस्तक अपेक्षाकृत गुणस्तरीय सेतो कागजमा छापिनु राम्रो मानिन्छ।

मेरो नेपालीमा कागजको स्तर अपेक्षाकृत राम्रो देखिँदैन। कागज बाक्लो त छ तर मसिनो, चिल्लो र सेतो भने छैन। घुर्मैलो रङ्गको कागज छनोट भएको हुनाले छापिएका चित्र र अक्षरहरू आकर्षक देखिँदैन। यस्तो कागज चाँडै दोब्रिने, खुम्चिने, च्यातिने र भाँचिने हुनाले त्यति टिकाउ हुँदैन।

### ४.१.४ अक्षराकार र ठाउँ छोडाइ

पाठ्यपुस्तकमा प्रयोग गरिने अक्षरहरूको आकार र अन्तराल (ठाउँ छोडाइ) लाई महत्त्वपूर्ण पक्षका रूपमा लिनुपर्दछ। साना कक्षाहरूका पाठ्यपुस्तकमा ठूला अक्षर र ठूला कक्षाहरूमा क्रमशः अक्षरहरूको आकार घटाउनु पर्दछ (भण्डारी र अन्य, २०६९ : १०)। प्राथमिक तहका लागि १४ देखि १६ प्वाइन्टसम्मका अक्षरहरू हुनु उपयुक्त मानिन्छ। पाठको

मूल शीर्षक पाठ्यपुस्तक र अभ्यासमा क्रमशः अक्षराकार घटाउँदै लानु भाषा वैज्ञानिक दृष्टिले सान्दर्भिक मानिन्छ ।

पाठ्यपुस्तकमा अक्षराकार र अक्षर-अक्षरबीचको ठाउँ छोडाइमा विशेष ध्यान दिनुपर्छ । तहअनुसारका र अक्षरको तलमाथि वरपर छोडाइ उचित भएमा हेर्दा आकर्षक र पढ्दा स्पष्ट सहज रूपमा बुझिने हुन्छ ।

भाषा पाठ्यपुस्तकमा अक्षरको आकार, अक्षर अक्षरबीच तथा तलमाथि, दायाँ बाँया किनारामा ठाउँ छोडाइ र अनुच्छेद गठनमा ध्यान दिनुपर्दछ। साना कक्षाहरूका पाठ्यपुस्तकमा ठुला अक्षर र ठुला कक्षाहरूमा क्रमशः अक्षराकार घटाउनुपर्दछ (भण्डारी र अन्य, २०६८ : २०२-२०३) । प्राथमिक तहका लागि २०-२४ प्वाइन्टसम्मका अक्षरहरू हुनु उपयुक्त मानिन्छ। पाठको मूलशीर्षक, उपशीर्षक, पाठ्यवस्तु र अभ्यासमा क्रमशः अक्षराकार घटाउँदै लानु भाषावैज्ञानिक दृष्टिले उपयुक्त मानिन्छ ।

मेरो नेपालीमा १४-३० प्वाइन्टसम्मका अक्षरहरू प्रयोग गरिएका छन् । मुख्य शीषर्कमा २४ प्वाइन्ट, शब्दार्थ, पाठ्यवस्तु र अभ्यासमा १६-१८ प्वाइन्टका र हाम्रो भनाइ १४ प्वाइन्टका अक्षरहरू प्रयोग गरिएका छन् । अनुच्छेद गठन र तलमाथि किनाराको ठाउँ छोडाइ पनि उपयुक्त नै देखिन्छ । दायाँ बायाँ किनारामा १.५ इन्च ठाउँ छोडिएको छ ।

यो किताबमा अक्षरको अन्तराल र अक्षरको आकारमा उपयुक्तता देखिए पनि तलमाथि र दायाँ बायाँ ठाउँ छोडाइ अत्यन्त न्यून रहेकाले त्यसमा सुधार गर्ने र अक्षरको रङ्ग पनि चहकिलो राख्नु उपयुक्त देखिन्छ ।

### ४.१.५ छपाइ र बँधाइ

भाषा पाठ्यपुस्तकको बाह्य विशेषताका रूपमा छपाइ र बँधाइको विशेष भूमिका रहेको हुन्छ । भाषा पाठ्यपुस्तकमा छपाइ र बँधाइलाई पनि विशेष ध्यान दिनुपर्छ । छपाइका लागि गुणस्तरीय मसीको प्रयोग गर्नुपर्दछ। जुन नउड्ने र नफुल्ने हुनुपर्दछ। शीर्षक, उपशीर्षक पाठ्यपुस्तक आदिमा अक्षरको भिन्नतालाई ख्याल गरी त्यहीअनुसार गाढा वा हल्का कालो रङ्गको हुनुपर्दछ ।

*मेरो नेपाली किताब*मा छपाइको मसी मध्यम खालको देखिन्छ । गमले टाँसेर दुई ठाउँमा स्टेप्लर त गरिएको छ तर नसिलाएको हुनाले टाँसिएका पानाहरू सजिलै छुट्टिने सम्भावना देखिन्छ । प्रस्तुत पुस्तकहरू बँधाइका दृष्टिले कमजोर देखिन्छ । फ्रेब्रिकलले टाँसेर दुई ठाउँमा स्टेप्लर गरी सिलाएर मजबुत बँधाइ गरेमा पाठ्यपुस्तक प्रभावकारी हुन्छ ।

### ४.१.६ मूल्य र सुलभता

आर्थिक पक्ष सधैँ मनोविज्ञानसँग जोडिन्छ । अझ हाम्रो जस्तो अल्पविकसित मुलुकमा त झन पाठ्यपुस्तकमा निर्धारण गरिएको मूल्यले अभिभावकहरूमा ठुलो प्रभाव पार्ने गरेको देखिन्छ (पौडेल, २०६६ : २००-२०१) ।

विद्यालयहरूमा अनिवार्य रूपमा पठनपाठन हुने पाठ्यपुस्तकमा पढाइ सुरु हुनुभन्दा अगावै सम्बन्धित ठाउँमा पुग्नुपर्दछ यसो भएमा मात्रै पाठ्यपुस्तको सही प्रयोग गर्न सकिन्छ । सामान्यतयाः पाठ्यपुस्तकहरूमा कम मूल्य र सर्वसुलभता दुवैको अपेक्षा गरिन्छ ।

पाठ्यपुस्तक नाफा कमाउने उद्देश्यले प्रकाशन गर्नु हुँदैन । सर्वसाधारण जनताको पहुँच पुग्ने किसिमले पुस्तकको मूल्य निर्धारण गर्नुपर्दछ । जुनसुकै पुस्तकमा पनि पाठक, ग्राहकको ध्यान सबैभन्दा पहिला मूल्यमा नै जान्छ । अझ विद्यालयमा पठनपाठन हुने पाठ्यपुस्तकहरूको कम मूल्य भएको खण्डमा सबै मानिसहरूको पहुँच पुग्न सक्छ । यसमा पनि मूल्य मात्र सस्तो भएर हुँदैन । हरेक आवश्यक ठाउँमा अनिवार्य रूपमा समयमा नै वितरण भए मात्रै यसको सही प्रयोग गर्न सकिन्छ । जसका लागि पुस्तक छापिन्छ उसैले उचित समयमा पढ्न पाएन भने त्यसको महत्त्व रहँदैन । विद्यालयमा पढाइ हुने पाठ्यपुस्तक शैक्षिकसत्र सुरु हुनुभन्दा अगाडि सम्बन्धित ठाउँमा पुग्नुपर्ने हुन्छ ।

*मेरो नेपाली किताब*मा मूल्य तोकिएको छैन । यो पुस्तक सामुदायिक विद्यालयमा निःशुल्क रूपमा वितरण गरिन्छ । सरकारले निःशुल्क वितरणको व्यवस्था मिलाए पनि सर्वसुलभताका दृष्टिमा भने विद्यार्थीहरू, अभिभावक र शिक्षकहरूको गुनासो मेट्न नसकेको *मेरो नेपाली किताब*को वर्तमान अवस्था छ । *नेपाली किताब* सरकारले निःशुल्क वितरणको व्यवस्था सकारात्मक रहेको छ तर सर्वसुलभतालाई ध्यान दिएमा अझ राम्रो हुने थियो ।

## ४.२ आन्तरिक/प्राज्ञिक आधारमा मेरो नेपाली किताबको विश्लेषण

### ४.२.१ विषयवस्तु/पाठ्यवस्तु

भाषिक सीप विकास गर्ने दृष्टिले भाषा पाठ्यपुस्तकमा व्यवस्था गरिएका बोध र अभिव्यक्तिसँग सम्बन्ध सीपका स्रोतहरू नै विषयवस्तु तथा पाठ्यवस्तु हुन्। पाठ्यवस्तुहरू भाषा पाठ्यपुस्तकमा विभिन्न साहित्यकार र साहित्येतर विधासँग सम्बन्धित भएर शीर्षक, उपशीर्षक र शब्दभण्डार, भाषातत्त्व आदिका रूपमा समेटिएका हुन्छन् (भण्डारी र अन्य २०६८)। ती पाठ्यपुस्तकहरूले भाषिक संरचनागत शैलीगत, अभ्यासगत, तथ्यगत, स्तरगत र पाठ्यक्रमअनुरूपता जस्ता विशेषतालाई अँगालेको हुनुपर्दछ। साथै विषयवस्तु मनोरञ्जनात्मक, सन्देशमूलक, सूचनामूलक कल्पनाशील व्यावहारिक आदि प्रकृतिको हुनुपर्दछ। पाठ्यक्रमलाई विभिन्न विषयमा सम्बन्धित विषयवस्तुहरूका क्रमबद्ध सङ्गठनअनुसार विषयसूची निर्माण गरिन्छ। विद्यार्थीहरूलाई विभिन्न ज्ञान र सीप प्रदान गर्न निर्माण गरिएको विषयवस्तुको सूचीलाई विषयसूची भनिन्छ।

भाषा पाठ्यपुस्तकमा व्यवस्था गरिएका बोध र अभिव्यक्तिसँग सम्बन्धित सीपका स्रोतहरू नै पाठ्यवस्तु वा विषयवस्तु हुन्। पाठ्यवस्तुहरू भाषापाठ्यपुस्तकमा विभिन्न साहित्यिक र साहित्येतर विधासँग सम्बन्धित भएर शीर्षक, उपशीर्षक र शब्दभण्डार, भाषा तत्त्व आदिका रूपमा समेटिएका हुन्छन् (भण्डारी र अन्य, २०६९ : १८७)। ती पाठ्यवस्तुहरूले भाषिक, संरचनागत, शैलीगत, अभ्यासगत, तथ्यगत, स्तरगत र पाठ्यक्रम अनुरूपता जस्ता विशेषतालाई अँगालेको हुनुपर्दछ। साथै विषयवस्तु मनोरञ्जनात्मक, सन्देशमूलक, सूचनामूलक, कल्पनाशील, व्यावहारिक आदि प्रकृतिको हुनुपर्दछ।

कक्षा दुईको पाठ्यपुस्तकमा कविता, कथा, प्रबन्ध, संवाद, शब्दार्थ, शब्दभण्डार तथा अन्य अभ्यासात्मक पाठ्यवस्तुहरू समावेश गरिएका छन्। यस पाठ्यपुस्तकमा भएका कविताहरूमा 'नानी बाबु' (क्षेत्रप्रताप अधिकारी), 'झण्डा फरर' (माधवप्रसाद घिमिरे), 'पुस्तक' (रामबाबु सुवेदी), 'नाच्यो जुरेली' (कृष्णप्रसाद पराजुली), 'के कहाँ बस्छ' (दैवज्ञराज न्यौपाने), 'हाम्रो देश नेपाल' (सम्पादन मण्डलबाट) गरी ६ वटा रहेका छन्। त्यसैगरी कथाहरूमा 'सिंह र खरायो', 'चलाख फ्याउरो', 'मान्छेको बुद्धि', 'स्यालको जुक्ति', 'फेरि मुसो भएस्', 'टिल्लीले धेरै मानिस बचाइन्' गरी ६ वटा रहेका छन्। निबन्ध/प्रबन्धहरूमा 'मौरीको मह', 'गुनिलो जनावर गाई', 'गौँथलीको गुँड', 'लुम्बिनी' गरी ४ वटा रहेका छन्। संवादहरूमा 'दिपक  र प्रहरी दाइ', 'मामा माइजू', 'लाक्पा र पासाङ' गरी ३ वटा रहेका

छन् । त्यस्तै प्रत्येक पाठको अन्त्यमा अभ्यास, शब्दार्थ, शब्दभण्डार रहेका छन् । यसरी एक शैक्षिक सत्रका लागि नेपाली पाठ्यपुस्तकमा विविध विधाहरू समेटिएका १९ वटा पाठहरू रहेका छन् । विविध भाषिक सीप तथा क्रियाकलापसँग सम्बद्ध गरी पाठ्यवस्तुहरू सिकाउँदा पनि २२० दिनमा किताब सजिलै पूरा गर्न सकिने देखिन्छ । प्रस्तुत कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकको विषयवस्तु तथा विषयसूची निम्नअनुसार उल्लेख गरिएको छ ।

तालिका १ : विषयवस्तुको सूची

| क.सं. | शीर्षक | विधा | क्षेत्र |
|---|---|---|---|
| १. | नानी बाबु | कविता | बाल गायन |
| २. | सिंह र खरायो | कथा | उपदेशमूलक |
| ३. | मौरीको मह | निबन्ध | नैतिक सन्देश |
| ४. | दीपक र प्रहरी दाइ | संवाद | सन्देशमूलक |
| ५. | झन्डा फरर | कविता | राष्ट्रप्रेम/देश प्रेम |
| ६. | चलाख फ्याउरो | कथा | ज्ञानबर्धक/सन्देशमूलक |
| ७. | गुनिलो जनावर गाई | निबन्ध | नैतिक सन्देश |
| ८. | मामा माइजू | संवाद | पारिवारिक मैत्री |
| ९. | पुस्तक | कविता | बाल गायन |
| १०.. | मान्छेको बुद्धि | कथा | मनोविज्ञान |
| ११. | नाच्यो जुरेली | कविता | बाल गायन |
| १२. | स्यालको जुक्ति | कथा | मनोविज्ञान |
| १३. | गौँथलीको गुँड | निबन्ध | सन्देशमूलक |
| १४. | लाक्पा र पासाङ | संवाद | सामाजिक |
| १५ | के कहाँ बस्छ ? | कविता | बाल गायन |
| १६. | फेरि मुसो भएस् | कथा | नैतिक सन्देश |
| १७. | लुम्बिनी | निबन्ध | पर्यटकीय |
| १८. | हाम्रो देश नेपाल | कविता | देशप्रेम |
| १९. | टिल्लीले धेरै मानिस बचाइन् | कथा | सन्देशमूलक |

स्रोतः मेरो नेपाली कक्षा २, २०७४

प्रस्तुत तालिकामा उल्लेख गरिएका विषयवस्तु पाठ्यक्रमले निर्देशित गरेका क्षेत्रहरूलाई समेटेको छ । कक्षा दुईको नेपाली भाषा पाठ्यपुस्तक (२०७६) को पहिलो पाठ *नानी बाबु* कवितामा बालापनसँग सम्बन्धित कुरालाई यस पाठको माध्यमबाट उजागर गरिएको छ । यस पाठ्यपुस्तकको पहिलो पाठ कविताबाट शुरु गरेर पाठको सौन्दर्य बढाएको छ । कक्षा दुईका बालबालिका अत्यन्तै साना भएका कारण उनीहरूलाई आफू जस्तै साना बालबालिका, सूर्य, चन्द्रमा, हिमाल जस्ता तस्विर दिएर किताबमा ध्यान केन्द्रित गरिएको छ । नमुना अभ्यासमा शिक्षकले भनेको सुन र तिमी पनि भन, शिक्षकले भनेको सुन र तिमी पनि भन, तिमीले जानेको एउटा गाएर सुनाऊ, चित्र हेर र मिल्ने शब्दमा घेरा लगाऊ, शब्द र अर्थको जोडा मिलाऊ, अरुले सुन्ने गरी पढ, कापीमा सार, चित्र हेरी छुटेका अक्षर राखेर कापीमा सार, तिमीलाई मनपर्ने वस्तुको चित्र बनाएर नाम लेख, शिक्षकले भनेको सुनेर लेख जस्ता नमुना अभ्यासहरू समावेस गरिएका छन् । यी नमुना अभ्याहरूलाई हेर्दा शिक्षण निर्देशिका अनुसार नै दिइएको छ

प्रस्तुत मेरो नेपाली पाठयपुस्तकको पाठ दुईमा सिंह र खरायोको कथा रहेको छ । यस कथामा बालबालिकाको स्तर वृद्धिका लागि आफू कसरी संङ्कटमा बच्न सकिन्छ र अप्ठ्यारो परेको खण्ड कस्ता जुक्ति लगाएर बच्नु पर्छ भन्ने सन्देश यस कथाको छ । यस कथामा कथाकारले "एक दिन सबै जनावर एकै ठाउँमा भेला भए । सिंहको आहार हुन पालैपालो जाने सल्लाह भयो । यो कुरो जनावरहरूले सिंहलाई पनि भने । सिंह पनि दिनदिनै सिकारको खोजीमा जानु नपर्दा खुसी भयो" (मेरो नेपाली, कक्षा दुई, पृ.६) । यस पाठमा ठूला जनावरले साना जनावरलाई मात्र आक्रमण गर्दैनन् साना जनावरले पनि ठूला जनावरलाई मृत्युको मुखमा पुऱ्याउँछन् भन्ने सन्देश दिएको छ । सानो खरायोले जङ्गलको राजा सिंहलाई इनारमा हाम फाल्न लगाएको कुरा यस कथामा उल्लेख छ । यस पाठमा पनि दशवटा नमुना अभ्यासहरू रहेका छन् । जसमा शिक्षकले सोधेको प्रश्नका उत्तर भन, शिक्षकले भनेको सुन र केको आवज हो, भन, शिक्षकले भनेको सुन र तिमी पनि भन, अरुले सुन्ने गरी पढ, शब्द र अर्थको जोडा मिलाऊ, कापीमा सार, चित्र हेरी छुटेका अक्षर राखेर सार, तिमीलाई मन पर्ने जनावरको चित्र बनाएर नाम लेख, शिक्षकले भनेको सुनेर लेख, सिंह र खरायोको कथा सुनाऊ जस्ता उदाहरणहरूले विद्यार्थीको लेखाइ तथा बोलाइ सिपको विकास हुने देखिन्छ ।

प्रस्तुत मेरो नेपाली कक्षा दुईको किताबको पाठ तीन मौरीको मह निबन्ध रहेको छ। यस निबन्धमा आमाले छोरीलाई मह खुवाउँदै गरेको तस्वीर दिँदै शिक्षण निर्देशिकामा मौरीको विषयमा छलफल गर्नु भनी निर्देशित गरिएको छ। यस पाठमा पनि नमुना अभ्यासमा प्रशस्तै चित्रहरू समावेश गरिएको छ। त्यसैगरी पाठ चारमा दीपक र प्रहरी दाइ शीर्षकको संवादमा आफूलाई अप्ठ्यारो परिस्थिति परेको बेला बालबालिकाले प्रहरीलाई खबर गरी आफ्ना अभिभावकहरूलाई बोलाउन सन्देश दिएको छ। यस निबन्धमा बाबु छोरा मेला भर्दै गरेको अवस्थाको चित्र देखाइएको छ भने अर्को चित्रमा बालक हराएर प्रहरी समक्ष बुबा खोजिदिन अनुरोध गर्दै गरेको तस्वीर राखिएको छ। तलका चित्रमा के के देख्यौ भन्दै बसमा भीडभाडका साथ मानिस चलिरहेको तस्विर समावेश गरिएको छ।

यस पाठ्यपुस्तकको पाठ पाँचमा झण्डा फरर शीर्षकको कविता रहेको छ। यस कवितामा कविले राष्ट्रियता झल्काएको छ। यो कविता पढेर बालबालिकाले दिउँसो लाग्ने घाम राति लाग्ने जुन हो। हाम्रो झण्डामा नेपालको सूर्य र चन्द्रमा छ। सूर्य र चन्द्रमा दाजु बहिनीको सम्बन्ध रहेको छ भन्दै कविले बाल गायनलाई रोमाञ्चित बनाएको छ। यसको नमुना अभ्यासमा विभिन्न किसिमका रङ्गीन चित्र समावेश छन्। त्यस्तै पाठ छमा चलाख फ्याउरो कथा रहेको छ। यस चलाख स्यालले कागलाई बोल्न बाध्य बनाएर रुखमा रहेको कागको मुखबाट मासु खसेको प्रसङ्ग छ। यस कथाबाट बालबालिकाले ठग साथीहरूबाट कसरी जोखिने भन्ने सन्देश पाउने छन्। यस पाठमा नौवटा नमुना अभ्यासहरू रहेका छन्।

यसैगरी यस पाठ्यपुस्तकको पाठ सातमा गुनिलो जनावर गाई निबन्ध रहेको छ। हामीले दूध खाने गाई गुणगान गाईको छ। गाईको उदाहरण दिँदै गाईले बाछालाई माया गर्दा जति खुशी हुन्छ त्यति खै खुशी हाम्रा आमाले बालबालिकालाई गर्दा हुन्छ भन्ने सन्देश दिइएको छ। यसमा ११ वटा नमुना अभ्यासहरू रहेका छन्। यस पाठ्यपुस्तकको पाठ आठमा मामा माइजू शीर्षकको संवाद रहेको छ। यस संवादमा साना बालबालिकाहरूले आफ्ना अभिभावकलाई कसरी सम्मान गर्नुपर्छ भन्ने सन्देश दिएका छन्। यस पाठमा विभिन्न किसिमका पारिवारिक चित्रहरू समावेश गरिएको छ। नमुना अभ्यासमा पनि बुबाआमा र छोराछोरी सबै धारामा भएको र बुबाले लुगा धुदै गरेको, आमा घैलामा पानी थाल्न थालेको, छोरा नुहाइ रहेको र छोरी पनि नुहाउन लागेको चित्र देखाइएको छ। यस किसिमका नमुना अभ्यासले बालबालिकाको मानसिक विकास हुने देखिन्छ।

प्रस्तुत पाठ्यपुस्तकमा पाठ नौमा पुस्तक शीर्षकको कविता रहेको छ। यस कवितामा आफ्नो पुस्तक कसरी संरक्षण गर्नुपर्ने भन्ने ज्ञान बालबालिकालाई दिएको छ। विभिन्न किसिमका किताबका चित्र, बालिकाले पाठ्यपुस्तक पढ्दै गरेको चित्र, केटाकेटीहरू विद्यालय जाँदै गरेको चित्र समावेश छ। यस्ता किसिमका चित्रले बालबालिकाको किताबप्रति मोह र विद्यालय जान सहर समेत हुने गर्दछ।

पाठ दशमा मान्छेको बुद्धि शीर्षकको कथा रहेको छ। यस कथाबाट बालबालिकाले ठूलो जनावरलाई पनि कसरी मान्छेको बुद्धिबाट तह लगाउँछ भन्ने सन्देश दिएको छ। बालबालिकाहरूले सानासाना कुरालाई पनि उदाहरण दिएर अध्यापन गराउँदा छिट्टै सिक्छन् भन्ने भावनाले चित्रका माध्यमबाट पाठलाई बुझाइएको छ। पाठ एघारमा नाच्यो जुरेली शीर्षकको कवितामा बालबालिकाहरूले गीत गाउने शैली सिक्ने छन्। नमुना अभ्यासमा पनि विभिन्न किसिमका आमा बुबाले नाचिरहेको, मादल बनाइएको र बालिकाले छेउमा बसेर ताली बजाइरहेको चित्र समावेश गरिएको छ।

प्रस्तुत पाठ्यपुस्तकको पाठ बाह्रमा स्यालको जुक्ति शीर्षकको कथा रहेको छ। यस कथाबाट आपतको बेलामा कसरी ज्यान जोगाउनुपर्छ भन्ने सन्देश दिएको छ भने १० वटा अभ्यासहरू दिएका छन्। त्यस्तै पाठ तेह्रमा गौथलीको गुँड निबन्ध रहेको छ। यस निबन्धमा चराचुरुङ्गीप्रति बालबालिकाहरूले गर्ने माया पनि र ती चराचुरुङ्गी कस्ता ठाउँमा बस्छ भन्ने ज्ञान दिएको छ। यस पाठमा नमुना अभ्यास १२ वटा रहेका छन्। त्यस्तै यस पाठ्यपुस्तकको पाठ चौधमा लाक्पा र पासाङ शीर्षकको संवाद रहेको छ। यस संवादमा लाक्पा र पासाङ दाजुभाइ भएको भाइले चकलेट खाने भन्दा दाजुले दाँत सड्छ चकलेख खानु हुँदैन भनेका छन्। यस पाठमा एउटा मात्र चित्र समावेश गरिएको छ। उक्त पाठको नमुना अभ्यास पनि धनियाँ र डाक्टर बनेर कुराकानी गरिएको दिइएको छ।

कक्षा दुईको पाठ्यपुस्तकको पाठ पन्ध्रमा के कहाँ बस्छ भन्ने कविता छ। यो कविताका रचनाकार दैवज्ञराज न्यौपाने भएको र बालबालिकाहरूलाई सबै जनावरहरूको चित्र दिँदै प्रश्नोत्तर जस्तो तरिकाले पाठ दिइएको छ। यस्ता किसिमका चित्रले साना साना बालबालिकालाई पाठको भाव बुझ्न सजिलो हुने देखिन्छ। यस पाठबाट कुन जनावसर कहाँ बस्छ भन्ने कुरा बालबालिकाहरूले सहजै जान्नेछन्। यस पाठमा ११ वटा नमुना अभ्यासहरू रहेका छन्। तलका शब्द राखेर वाक्य पूरा गर भनेर खाली ठाउँ दिइएको छ।

प्रस्तुत वर्तमान कक्षा दुईको पाठ्यपुस्तकको पाठ सोह्रमा फेरि मुसो भएस् शीर्षकको कथा रहेको छ । यस कथामा कथाकारले एकजना ऋषिले मुसाको बच्चा भेटेको र ऋषिलाई माया लागेर मुसाको बच्चालाई पालेको तर त्यो मुसाले कुनै जनावर बनिँदा पनि आफू सन्तुष्ट नभएको र अन्तिममा ऋषिले बाघ बनाइदिएपछि आफूलाई नै आक्रमण गर्न लाग्दा फेरि मूसा नै भएस् भनी हात उठाएपछि भुइँमा दौडन थालेको कथा छ । यस कथाले बालबालिकाहरूलाई आफूलाई संरक्षण गर्ने मानिसमाथि जाइ लाग्नु हुँदैन भन्ने सन्देश दिएको छ । यस पाठमा ऋषिको, मुसाको, बिरालाको, बिरालोको, कुकुरको र बाघको तस्विर देखाउँदै घाबले ऋषिलाई नै आक्रमण गरेको पनि देखाइएको छ । यस पाठमा १२ वटा नमुना अभ्यासहरू रहेका छन् ।

प्रस्तुत पाठ्यपुस्तकको पाठ सत्रमा लुम्बिनी शीर्षकको निबन्ध रहेको छ । यस निबन्धमा निबन्धकारले लुम्बिनी नेपालको रूपन्देही जिल्ला पर्छ । यहाँ देशी विदेशी पर्यटकहरू घुम्न आउँछन् भन्दै बुद्धकी आमाको नाम मायादेवी भएको र त्यहाँ विभिन्न देशहरूबाट बनाएका मन्दिरहरू रहेका छन् भनी मन्दिरको चित्र देखाइएको छ । यस पुस्तकको पाठ अठारमा हाम्रो देश नेपाल शीर्षकको कविता हो । यस कवितामा नेपालकाको उत्तरमा हिमाल छ । दक्षिणमा तराई छ । हिमाल र तराईका बीच भागमा डाँडापाखा र हरियाली, झर्नाहरू छन् भनेका छन् । यस पाठ्यपुस्तकको अन्तिम वा उन्नाइसौं पाठ टिल्लीले धेरै मानिस बचाइन् भन्ने शीर्षकको कथा हो । यस कथामा कथाकारले टिल्लीले दुई हजार एकसट्ठी साल पुष एघार गतेको दिनको यथार्थ कथा देखाइएको र टिल्ली नाम गरेकी दश वर्षकी बालिका बेलायतकी हुन् । उनी आमासँग थाइल्याण्ड घुम्न जाँदा इन्डोनेसियाबाट समुद्रमा ठूलो सुनामी आएको र त्यसले तीनलाखभन्दा बढी मानिसको ज्यान लिएको र ती दश वर्षकी बालिकाले सुनामी आउन लागेको बताएपछि सबै मानिस भागेर डाँडामा गई ज्यान बचाएको कथा छ । यहाँ विभिन्न किसिमका सन्देशमूलक रङ्गीन चित्रहरू समावेश गरिएको छ ।

### ४.२.२ कविता विधाहरू

यस पाठ्यपुस्तकमा समावेश भएका कविताहरूका पाठ्यवस्तुहरू यसप्रकार रहेका छन् :

तालिका २ : कविता विधा

| क.सं | शीर्षकहरू | पाठ्यवस्तुहरू |
|---|---|---|
| १. | नानी बाबु | सुन, गर, भन, घेरा लगाऊ कापीमा सार, सुनेर लेख |
| २. | झन्डा फरर | गीत सुनाउ, समुह छलफल गर, अनुलेखन |
| ३. | पुस्तक | उत्तर भन, जोडा मिलाउ, हेरेर लेख, वाक्य निर्माण |
| ४. | नाच्यो जुरेली | सुन र भन, गीत गाएर सुनाऊ, पठनबोध |
| ५. | के कहाँ बस्छ | उत्तर भन, गीत सुनाऊ, उच्चारण शिक्षण/सस्वर वाचन |
| ६. | हाम्रो देश नेपाल | उत्तर देऊ, छलफल गरेर भन, जोडा मिलाऊ |

स्रोतः मेरो नेपाली कक्षा २, २०७४

प्रस्तुत तालिकाका कविता विधाका पाठ्यवस्तुहरू भाषिक सीप सिकाइअनुरूप रहेको देखिन्छ। सबै पाठमा पढाइ, लेखाइ, सुनाइ बोलाइ जस्ता पाठ्यवस्तु उपयुक्त र सान्दर्भिक देखिन्छ।

### ४.२.३ कथा विधाहरू

नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये कथा विधा पनि एक हो। मनलाई आनन्दित तुल्याउने विधालाई कथा विधा भनिन्छ। यस पाठ्यपुस्तकमा समावेश भएका कथाहरूका पाठ्यवस्तुहरू यसप्रकार रहेका छन् :

तालिका ३ : कथा विधा

| क.सं. | शीर्षकहरू | पाठ्यवस्तुहरू |
|---|---|---|
| १. | सिंह र खरायो | लयबोध, श्रुतिबोध, उच्चारण शिक्षण, प्रश्नोत्तर, |
| २. | चलाख फ्याउरो | जोडा मिलाऊ, चित्र हेर र नाम लेख, पढ र लेख, |
| ३. | मान्छेको बुद्धि | चित्र बनाऊ, शिक्षकले भनेको सुनेर लेख, अरुले |
| ४. | स्यालको जुक्ति | सुन्ने गरी पढ, शिक्षकले भनेको सुनेर तिमी पनि |
| ५. | फेरि मुसो भएस् | भन, तिमीले जानेको कथा सुनाऊ, सुनेर लेख, |
| ६. | टिल्लीले धेरै मानिस बचाइन् | तलका वाक्यमा पूर्ण विराम (।) र प्रश्न वाचक (?) चिह्नमध्ये कुन मिल्छ, राख |

स्रोतः मेरो नेपाली कक्षा २, २०७४

प्रस्तुत तालिकाका कथा विधाका पाठ्यवस्तुहरू भाषिक सीप सिकाइअनुरूप रहेको देखिन्छ । सबै पाठमा विधागत शिक्षण सिकाइ, व्याकरण आदि पाठ्यवस्तु उपयुक्त र सान्दर्भिक देखिन्छ । चित्र लेखन, चित्र वर्णन आदि सिर्जनात्मक सीपको विकास हुने देखिन्छ ।

### ४.२.४ निबन्ध विधा

प्रस्तुत कक्षा दुईको पाठ्यपुस्तकमा समावेश भएका निबन्धका पाठ्यवस्तु यसप्रकार रहेको पाइयो ।

तालिका ४ : निबन्ध विधा

| क.सं. | शीर्षकहरू | पाठ्यवस्तुहरू |
|---|---|---|
| १.<br>२.<br>३.<br>४. | मौरीको मह<br>गुनिलो जनावर गाई<br>गौँथलीको गुँड<br>लुम्बिनी | लयबोध, श्रुतिबोध, उच्चारण शिक्षण, प्रश्नोत्तर, चित्र हेर र नाम लेख, पढ र लेख, पढेर साथीलाई सुनाऊ, नाम लेख, उत्तर भन आदि |

स्रोतः मेरो नेपाली कक्षा २, २०७४

प्रस्तुत तालिकाका निबन्ध विधाका पाठ्यवस्तुहरू भाषिक सीप सिकाइ अनुरूप रहेको देखिन्छ । यस पाठमा लयबोध, श्रुतिबोध, उच्चारण शिक्षण, प्रश्नोत्तर चित्र हेर र नाम लेख, पढ र लेख आदिले पाठ्यवस्तु उपयुक्त र सान्दर्भिक देखिन्छ ।

### ४.२.५ संवाद विधा

प्रस्तुत कक्षा दुईको पाठ्यपुस्तकमा समावेश भएका संवादका पाठ्यवस्तु यसप्रकार रहेको पाइयो ।

तालिका ५ : संवाद विधा

| क.सं. | शीर्षकहरू | पाठ्यवस्तुहरू |
|---|---|---|
| १.<br>२.<br>३. | दीपक र प्रहरी दाइ<br>मामा माइजू<br>लाक्पा र पासाङ | प्रश्न सुन र उत्तर भन, सुन र गर, तलको कुराकानी गर, कापीमा सार, वाक्य सार, क्रम मिलाएर सार, कथा सुनाऊ, वाक्य लेख |

स्रोतः मेरो नेपाली कक्षा २, २०७४

प्रस्तुत तालिकाका संवाद विधाका पाठ्यवस्तुहरू भाषिक सीप सिकाइ अनुरूप रहेको देखिन्छ। यस पाठमा लयबोध, श्रुतिबोध, उच्चारण शिक्षण, प्रश्नोत्तर चित्र हेर आदिले पाठ्यवस्तु उपयुक्त र सान्दर्भिक देखिन्छ।

## ४.३ विधाको छनोट

कुनै पनि पाठ्यपुस्तकमा पाठ्यवस्तु छनौट गरिन्छ। विधाकै माध्यमबाट भाषिक लक्ष्य पूरा गरिने भएकाले भाषा शिक्षणमा भाषा पाठ्यपपुस्तकमा विधाको महत्त्व हुन्छ (पौडेल, २०६६)।

विधा छनौट गर्दा विद्यार्थीहरूको भाषिक बौद्धिक स्तर, कक्षा तह पाठ्यक्रम सरलदेखि जटिलसम्मको क्रम राष्ट्रिय एकता, सद्भाव, सहिष्णुता, देशप्रेम, संस्कृतप्रेम र जातीय स्वाभिमान जस्ता कुरामा सहयोगी छ वा छैन भन्ने कुरामा ध्यान पुऱ्याउनु पर्दछ।

कक्षा दुईको मेरो नेपाली किताब भाषा पाठ्यपुस्तकमा कविता, कथा, निबन्ध, र संवाद गरी चारवटा विधालाई समेटिएको पाइन्छ।

तालिका ६ : विधाको छनोट

| क.सं. | विधा | विधागत पाठहरू | सङ्ख्या |
|---|---|---|---|
| १. | कविता | सानी बाबु<br>झन्डा फरर<br>पुस्तक<br>नाच्यो जुरेली<br>के कहाँ बस्छ ?<br>हाम्रो देश नेपाल | ६ |
| २. | कथा | सिंह र खरायो<br>चलाख फ्याउरो<br>मान्छेको बुद्धि<br>फेरि मुसो भएस्<br>टिल्लीले धेरै मानिस बचाइन् | ४ |

| | | | |
|---|---|---|---|
| ३. | निबन्ध | मौरीको मह<br>गुनिलो जनावर गाई<br>गौंथलीको गुँड<br>लुम्बिनी | ४ |
| ४. | संवाद | दीपक र प्रहरी दाइ<br>मामा माइजू<br>लाक्पा र पासाङ | ३ |

स्रोतः मेरो नेपाली कक्षा २, २०७४

माथिको तालिकाअनुसार कविता विधाअन्तर्गत छवटा कविता रहेका छन् । त्यसैगरी पाँचवटा कथा विधा रहेका छन् । त्यस्तै निबन्ध चारवटा रहेका छन् । त्यस्तै संवाद विधा अन्तर्गत तीनवटा रहेका छन् ।

## ४.४ पाठको विविधता

पाठको विविधता भनेको विषयवस्तुका रूपमा छनौट भएका पाठहरूको विधागत र क्षेत्रगत भिन्न पन हो । पाठ्यपुस्तकमा कविता, कथा, निबन्ध र संवाद रहेका छन् । विधागत पाठहरूका विविधता सन्तुलन मिलाउनु हो भने क्षेत्रगत विविधता भनेको कथा, कविता आदि विधाका पाठहरू सांस्कृतिक, प्राकृतिक, आधुनिक, सामाजिक, मनोवैज्ञानिक आदि कुन क्षेत्रका कतिकति सङ्ख्यामा राख्ने भन्ने निर्धारण गर्ने कार्य हो ।

*प्रस्तुत* कक्षा दुईको मेरो नेपालीमा कविता, कथा, निबन्ध र संवाद चारओटा विधाको पाठ्यपुस्तकहरू राखिएको हुनाले विधागत विविधता कायम भएको अनुभव हुन्छ । यस पाठ्यपुस्तकमा विधागत रखाइको दृष्टिकोणमा नौ पाठदेखि एघार पाठमा कविता नै आउनाले पाठगत रखाइको अन्तराल नमिलेको पाइयो ।

## ४.५ भाषाशैली

कुनै पनि भाषिक संरचनाको स्तर त्यसमा प्रयुक्त शब्दहरूको सरलता र जटिलतामा निर्भर गर्दछ । अन्य पाठ्यपुस्तकभन्दा भाषा पाठ्यपुस्तकलाई छुट्याउने आधार भाषा हो ।

अत्याधिक सर्वनाम र संजोजकहरूले भाषालाई जटिल बनाउँछ। यसका साथै आलङ्कारिक एवम् प्रतिकात्मक शैलीको ज्यादा उपयोगले पनि भाषिक सरलतामा ह्रास ल्याउने गर्दछ। विद्यार्थीको तहअनुसार भाषिक संरचनामा जटिलता थप्दै लैजानु पर्दछ।

भाषा प्रयोगको दृष्टिले कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकलाई मध्यम स्तरको मान्न सकिन्छ। यस पाठ्यपुस्तकको सुरुको कविता 'नानी बाबु' रहेको छ। यस पाठको छेउमा बालबालिकालाई आकर्षण गर्न घामको, जून र हिमालका रङ्गीत चित्र समावेश गरिएको छ। त्यस्तै बालबालिकासँग सम्बन्धित मीठा शब्दहरूले कविताका पङ्क्ति सरल सुबोध्य तरिकाले समावेश गरिएको छ, जस्तैः

आज राम्रो पढ बाबा
भोलि राम्रो हुन्छ
तिमी राम्रो भयौ भने
देशै राम्रो हुन्छ। (मेरो नेपाली, पृ. १)

कक्षा दुईको पाठ्यपुस्तकमा अर्को मिठो कविता 'झन्डा फरर' रहेको छ। यस कविताको एक साइड चन्द्र सूर्य अङ्कित नेपालको रङ्गीन झण्डा राखिएको छ। यसले बाल मस्तिष्कमा नेपालीपन झल्काउने र बालबालिकाको मनलाई पढाइप्रति आकर्षित गर्ने देखिन्छ, जस्तैः

दाजुजस्तो घाम बहिनीजस्ती जुन
एकैचोटि हाँसे कस्तो हुन्थ्यो भन।
यति कुरा हेर्न कति रहर
नेपालको झण्डा फरर। (पृ. २६)

कक्षा दुईको नेपाली भाषा पाठ्यपुस्तक (२०७६) को पाठ्यपुस्तकको अर्को कविता 'पुस्तक' शीर्षक रहेको छ। यस कविताका लेखक रामबाबु सुवेदी रहेका छन्। यसमा पाठ पनि बाल सुलभताको विश्लेषण गरिएको छ। उक्त पाठ्यपुस्तकको एक साइडमा कविता र अर्को साइडमा पुस्तक चित्र, पुस्तक पढ्दै गरेकी बालिकाको चित्र, विद्यालय जाँदै गरेका बालबालिकाको चित्रले बालबालिकालाई पढाइप्रति आकर्षित गर्ने देखिन्छ। यो पाठ पढिसकेपछि बालबालिकाले पुस्तक महत्व जान्ने छन्, जस्तैः

कतै मिठा कविता

कतै मिठा कहानी

पढ्ने लेख्ने मान्छेले

पाउँछ राम्रो बिहानी । (पृ. ४७)

प्रस्तुत कक्षा दुईको मेरो नेपाली पुस्तकको अर्को कविता 'नाच्यो चुरेली' रहेको छ । यस कवितामा कवि कृष्णप्रसाद पराजुलीले बालबालिकाहरूलाई चराचुरुङ्गीको विषयमा जानकारी दिने उद्देश्यले एक साइडमा कविता र अर्को साइडमा रुखको तस्विर र सो रुखमा जुरेलीहरू गुड बनाएर बसिरहेको तस्विर देखाइएको छ ।

उसको राम्रो गुँड छ ।

वनको झाङमा

लुगा उसको पखेटा

आफ्नै आङमा । (पृ. ५८)

यस पाठ्यपुस्तकमा बालबालिकाहरूलाई 'के कहाँ बस्छ' शीर्षक दिएर बाल मस्तिष्कमा जनावरहरूको ज्ञान दिलाउने उद्देश्यले कवि दैवज्ञराज न्यौपाने मौरी, हात्ती, घोडा, गाई, बाख्रा, भेडा, सिंह, माछा जस्ता जीवहरूको बासस्थान बताइदिएको छ, जस्तै :

घोडा बस्ने ठाउँ के हो ?

घोडा बस्ने तबेला हो

मौरी बस्ने ठाउँ के हो ?

मौरी बस्ने घार हो । (पृ. ७७)

यस पाठ्यपुस्तकको अर्को विधाको रूपमा कथा रहेको छ । जसको शीर्षक 'सिंह र खरायो' रहेको छ । यस कथामा सानो जनावर खरायोले वनको राजा सिंहलाई कसरी मर्न बाध्य गरायो भन्ने विषय उठाइएको छ भने बालबालिकालाई आफू ठूलो सङ्कटबाट कसरी बच्न सकिन्छ भन्ने ज्ञान दिएको छ, जस्तै: "महाराज" मलाई हजुर जस्तै सिंहले बाटामा समायो । उसले मलाई खान लागेको थियो । मैले ऊसँग हजुरकहाँ भेट गरेर आउने वाचा गरेँ । अनि मात्र म यहाँ आउन सकेँ ।" (पृ. ८) यस कथाले आफूलाई आवश्यक परेको बेला कसरी आफूले जुक्ति लगाउनु पर्दोरहेछ भन्ने ज्ञान बालबालिकालाई दिएको छ ।

प्रस्तुत कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकमा समावेश भएको अर्को कथा 'चलाख फ्याउरो' भन्ने कथा दिइएको छ । यस कथामा कथाकारले बालबालिकालाई आफ्नो मुखमा आएको खाना पनि अरु चलाखहरूले विभिन्न किसिमका जालझेली कुरा गरेर आफूलाई मक्ख पारी फुत्काउन सफल हुन्छन् भन्ने सन्देश दिएको छ, जस्तै : "काग भाइ, तिमी धेरै राम्रा छौ । तिम्रो चुचे राम्रो छ । पखेटा राम्रा छन् । तिमी उडेर जतातत्तै जान सक्छौ ।" (पृ. २९) आफू सोझो भएमा अरुले त्यसको फाइदा चलाखहरूले उठाउँछन् भन्ने सन्देश दिएको छ ।

प्रस्तुत पाठ्यपुस्तकमा 'मान्छेको बुद्धि' शीर्षकको कथा पनि समावेश छ। यस कथामा कथाकारले ठूलो जनावर र सानो जनावर भनी तुलना गर्न नमिल्ने र बुद्धि मात्र ठूलो र सानो हुने बताउँदै गोरु र बाघको कुरा संवादात्मक शैलीमा समावेश गरेको छ । यस्ता कथाले बालबालिकाको बाल मनोविज्ञानमा ठूलो र सानो कसरी बन्ने भन्ने सन्देश दिएको छ । टिल्लीको कथाबाट पनि आफू कसरी बच्ने र अरुलाई पनि कसरी बचाउने भन्ने राम्रो प्रभाव पर्ने देखिन्छ । यी कथा तथा कवितामा बाघ, गोरु र मान्छे बोलेको व्यक्ति विशेषले बोलेका वाक्यको पनि प्रयोग गरिएको छ । यी पाठमा बढी सरल वाक्य भएका छन् भने भाषागत रूपमा हेर्दा 'टिल्लीले धेरै मानिस बचाइन्' शीर्षकका पाठ्यवस्तुमा केही शब्दहरू जटिल देखिन्छन्, जस्तैः समुद्र, टिल्ली स्मिथ, थाइल्यान्ड, इन्डोनेसिया, फुकेट आदि रहेका छन् । कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकमा मनोरञ्जनात्मक वाक्यअन्तर्गत निम्नअनुसार रहेका छन्, जस्तै :

लालीगुराँस फुलेपछि ढकमक्क हुने
पहाडमा बस्दा मेरो मनै रमाउने ।

(मेरो नेपाली कक्षा दुई, पृ. ९१)

समग्रमा हेर्दा भाषिक सीप विकासका दृष्टिले कक्षा दुईका विद्यार्थीहरू अनुकूल नै भाषा प्रयोग भएको देखिन्छ । साथै यस पाठ्यपुस्तकमा विधागत सुरुमा सरल भाषाशैली भएको कविताबाट सुरु गरी बीचमा नानी बाबु, सिंह र खरायो, झन्डा फरर, मौरीको मह, गुनिलो जनावर गाई जस्ता सरल वाक्य भएका कथा, कविता र निबन्ध राखिनु र जटिल झरिलो विषयवस्तु लाक्पा र पासाङ, लुम्बिनी, टिल्लीले धेरै मानिस बचाइन् जस्ता झरिला शब्द राखिनुले भाषागत दृष्टिले क्रम मिलाइएको देखिन्छ ।

## ४.६ शब्दभण्डार

शब्द भण्डार भाषिक सीप विकासको महत्त्वपूर्ण पक्ष हो। भाषिक बोध एवम् अभिव्यक्तिगत क्षमताको अभिवृद्धि गर्न शब्दभण्डार क्षमताको वृद्धि गर्नु पूर्व आवश्यक सर्त पनि हो। प्रस्तुत वर्तमान कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकका प्रत्येक पाठमा केही मात्रामा पहिलेका शब्दहरू दोहोरिएका छन् भने केही पाठमा शब्दहरू नयाँ तथा जटिल पनि दिइएको छ।

पहिलो पाठ नानी बाबु शीर्षकको कवितामा शिक्षण निर्देशिकाका साथै दशवटा अभ्यासहरू रहेका छन्। उक्त पाठमा नमुना अभ्यासमा पनि रङ्गीन चित्रहरू समावेश गरिएको छ जसमा जोडा मिलाऊ चित्र हेरेर छुटेका अक्षरहरू कापी सार भनिएको छ र अन्त्यमा पनि शिक्षण निर्देशन दिएको छ। यस पाठ्यपुस्तकको पाठ दुई सिंह र खरायो रहेको छ। उक्त पाठमा पनि दशवटा नै नमुना अभ्यास रहेका छन्। प्रश्न नं. १ मा शिक्षकले सोधेका प्रश्नका उत्तर भन भनी सुनाइ र बोलाइ सिपको विकास गराएको छ भने अरुले सुन्ने गरी पढ भन्ने प्रश्न नं. ४ ले पढाइ सिपको विकास गराएको छ। त्यस्तै प्रश्न नं. ६ ले कापी सार भन्ने प्रश्नले लेखाइ सिपको विकास गराएको देखिन्छ भने नमुना अभ्यासको अन्तिममा शिक्षक साथी भनी निर्देशन दिइएको छ।

प्रस्तुत पाठ्यपुस्तकको पाठ तीन मौरीको मह निबन्ध रहेको छ। यस निबन्धमा पाठको अन्तिममा शिक्षण निर्देशन राखिएको छ भने बाह्रवटा अभ्यासहरू समावेश छन्। जसमा प्रश्न नं. १ मा शिक्षकले सोधेका प्रश्न सुन र उत्तर भन भनी क देखि ङ सम्म प्रश्नहरू दिइएको छ। त्यस्तै प्रश्न नं. ६ मा ठीक शब्द छानेर लेख भनी तीनवटा प्रश्नहरू दिइएको छ। पाठको अन्तिममा शिक्षक साथी भनी समावेश गरिएको छ। यस किमिसको सीपले बालबालिकाहरूमा सुनाइ, बोलाइ, लेखाइ र पढाइको विकास हुने देखिन्छ।

कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकको पाठ चार दीपक र प्रहरी दाइ शीर्षकको संवाद रहेको छ। यस पाठमा शीर्षकपछि नै सुन र तिमी पनि पढ भनी पाठको सुरु गरिएको छ। उक्त पाठमा दुईवटा रङ्गीन चित्रहरू समावेश गरी बालबालिकाहरूलाई पढ्नका लागि ध्यानाकर्षण गराइएको छ भने पाठको अन्तिममा शिक्षण निर्देशन राखिएको छ र त्यसपछि तेह्रवटा नमुना अभ्यासहरू राखिएको छ। जसमा रङ्गीन चित्रहरू पनि नमुना

अभ्यासमा समावेश छन्, जस्तैः हलो, कोदालो, कार, भेडा जस्ता चित्रले बालबालिकाहरूलाई कृषि सम्बन्धी पनि ज्ञान दिने देखिन्छ । उक्त पाठमा शिक्षण निर्देशिका दिइएको छ ।

मेरो नेपाली पाठ्यपुस्तकको पाठ पाँचमा झन्डा फरर शीर्षकको कविता समावेश गरिएको छ । उक्त कविताको शीर्षक सुरु हुनासाथ शिक्षकले गाएको सुन र गाऊ भनिएको छ र पाठको अन्त्यमा शिक्षण निर्देशन समावेश छ । उक्त पाठको शिक्षण निर्देशनपछि सातवटा अभ्यासहरू रहेका छन् । ती अभ्यासहरूमा पनि रङ्गीन चित्रहरू जस्तैः गाई, डाँफे, टोपी, ज्याकेट दिई चित्र हेरेर नाम लेख भनिनुले बालबालिकाको लेखाइ सीपको विकास हुने देखिन्छ ।

प्रस्तुत कक्षा दुईको मेरो नेपालीको पाठ छमा चलाख फ्याउरो शीर्षकको कविता रहेको छ । उक्त कथाको शीर्षक दिइसकेपछि पढ राखेर पाठको सुरु गरिएको छ । पाठको अन्तिममा शिक्षण निर्देशन राखिएको छ भने त्यसभन्दा तल अभ्यास भनेर तलका प्रश्न सुन र उत्तर भन भनी कदेखि छसम्म प्रश्नहरू राखिएको छ । त्यस्तै अन्य प्रश्नहरूमा सुन र भन, शब्द पढ, जोडा मिलाऊ, कापीमा सार, वाक्य बनाऊ जस्ता अभ्यासहरू दिइएको छ ।

प्रस्तुत पाठ्यपुस्तकको सातौं शीर्षक गुनिलो जनावर गाई शीर्षकको रहेको छ । उक्त पाठको अन्तिममा शिक्षण निर्देशन दिइएको छ भने त्यसपछि आठवटा अभ्यासहरू दिइएको छ । यस पाठको प्रश्न नं. २ मा शिक्षकले भनेको वाक्य सुनेर साथीलाई सुनाऊ भनी शिक्षक साथीलाई निर्देशन दिँदै कदेखि घसम्म दिइएको छ भने अभ्यासहरूको अन्त्यमा पनि शिक्षक साथी भनी निर्देशन दिइएको छ ।

कक्षा दुईको मेरो नेपालीको पाठ आठमा मामा र माइजू शीर्षकको संवाद रहेको छ । उक्त संवादको शीर्षक दिइसकेपछि सुन र पढ भन्ने निर्देशन दिई घरबाट विद्यालय जाँदै गरेकी बालिका र छेउमा रहेका बाबुआमालाई वाइ भन्दै देखाइएको रङ्गीन चित्र समावेश गरी पाठको सुरु गरेको देखिन्छ । यस्ता तस्विरले सानासाना बालबालिकाको अध्ययनमा रुचि हुने देखिन्छ । उक्त पाठमा मामा माइजू आएको तस्विर समावेश गर्नाले साना बालबालिकाले आफूभन्दा ठूलालाई आदर सम्मान गर्ने बानीको विकास हुने देखिन्छ ।

प्रस्तुत पाठ्यपुस्तकको पाठ नौमा पुस्तक शीर्षकको कविता रहेको छ । उक्त कवितामा कविले शीर्षक सुरु गरे पश्चात् शिक्षकले गाएको सुन र गाऊ भनी निर्देशन दिएर

मात्र पाठको सुरु गरिएको छ । पाठमा तीनवटा रङ्गीन चित्रहरू समावेश छन् भने पाठको अन्तिममा शिक्षक साथी भनेर थोरै निर्देशन गरी दशवटा अभ्यासहरू समावेश गरिएको छ । ती नमुना अभ्यासमा पनि चित्र हेरेर लेख भनी नेपालको झन्डा, पुस्तक, चम्चा जस्ता चित्रहरू दिइएको छ ।

कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकको पाठ दशमा मान्छेको बुद्धि शीर्षकको कथा दिइएको छ । उक्त कथामा चित्र हेरेर पढ भनी शीर्षकको मुनि निर्देशन गरिएको छ भने चित्रकथाकै माध्यमबाट कथा सुरु गरिएको छ । कथाको प्रसङ्ग बदलिँदा चित्रहरू पनि बदलिएका छन् । चित्रहरूकै साथमा बक्सा बनाई पाठ दिइएको छ । यो पाठ अन्य पाठको तुलनामा फरक शैलीमा कथाकारले समावेश गर्नुले बालबालिकामा पढाइप्रति रुचि हुने देखिन्छ । जसमा अभ्यास रूपमा नै शिक्षण निर्देशन राखिएको छ र नमुना अभ्यास सुरु गरिएको छ ।

प्रस्तुत पाठ्यपुस्तकको पाठ एघारमा नाच्यो जुरेली शीर्षकको कविता रहेको छ । यस कविताले बालबालिकालाई पढाइमा विशेष ध्यान जाने देखिन्छ । अभ्यासमा नं. ३ मा तलका चित्रमा के के गरेको देख्छौ बताऊ भनी चित्र समावेश गरिएको छ ।

प्रस्तुत पाठ्यपुस्तकको पाठ बाह्रमा स्यालको जुक्ति शीर्षकको कथा समावेश छ । यस पाठमा कथाकारले सानोले पनि ठूलोलाई हराई विजय प्राप्त गर्न सक्छ भन्ने भाव कथाको रहेको छ । अप्ठ्यारो परेको बेलामा कस्तो जुक्ति लगाएर बाँच्न सकिन्छ भन्ने सन्देश दिएको यस पाठमा दशवटा नमुना अभ्यासहरू रहेका छन् ।

कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकको पाठ तेह्रमा गौथलीको गुँड शीर्षकको निबन्ध रहेको छ । यस निबन्धमा निबन्धकारले जनावर तथा पशुपंक्षीप्रति देखाएको प्रेम प्रस्तुत गरिएको छ । यसमा जनावरहरूलाई कसरी संरक्षण गर्नुपर्छ भन्ने सन्देश दिन खोजिएको छ । यस पाठबाट बालबालिकाहरूले हावा हुन्डरी आउँदा चराहरूले कसरी ज्यान जोगाउँछन् भन्ने सन्देश पनि दिएको छ । यस पाठमा १२ वटा नमुना अभ्यासहरू समावेश छन् । जसमा पढ र उत्तर भन, घर बनाउन के के कुरा छन् चाहिन्छ, तिम्रो घर र चराको गुँडमा के फरक छ छलफल गर जस्ता अभ्यासले बालबालिकामा बौद्धिक क्षमताको विकास हुने देखिन्छ ।

यस पुस्तकको पाठ चौधमा लाक्पा र पासाङ शीर्षकको संवाद रहेको छ। यस पाठबाट बालबालिकाहरूले प्याकिङ गरिएका चकलेट वा होटलको खाजाभन्दा बदाम स्वास्थ्यकर र मीठो पनि हुने चकलेट खाए दाँत बिग्रिने जस्ता बाल मस्तिष्कमा प्रभाव पार्ने कुराहरू प्रस्तुत छन्। यसमा एघारवटा अभ्यासहरू समावेश छन्। ती अभ्यासहरूले बालबालिकाहरूको पढाइ, लेखाइ, सुनाइ र बोलाइमा नै प्रभाव पार्ने देखिन्छ।

प्रस्तुत कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकको पाठ पन्ध्रमा के हाँ बस्छ शीर्षकको कविता रहेको छ। यस कवितामा सिंह, बाख्रा, माछा, गाई, मौरी, हात्ती जस्ता जनावरको चित्र देखाउँदै प्रश्नोत्तर शैलीमा कविता समावेश गरिएको छ। यसमा एघारवटा नमुना अभ्यासहरू रहेका छन्।

प्रस्तुत पाठ्यपुस्तकको पाठ सोह्रमा फेरि मुसा भएस् शीर्षकको कथा रहेको छ। यस कथामा कथाकारले एउटा मुसाको उदाहरण दिएर मानिस पनि केही कुरामा चित्त बुझाएन भने अन्त्यमा पुरानै ठाउँमा फर्कन बाध्य हुन्छ भन्ने सन्देश दिएका छन्। यस पाठमा एउटा दुःख पाएको मुसाको बच्चाले बाघ हुन पाउँ भनी बरदान मागेर अन्तिमा बरदान दिने ऋषिमुनिलाई नै आक्रमण गरेको कथाले बालबालिकाहरूलाई आफ्ना मान्यजनहरूलाई कहिल्यै पनि नराम्रो गर्न हुने सन्देश दिएको छ। यसमा १० वटा नमुना अभ्यासहरू रहेका छन्।

प्रस्तुत कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकको पाठ अठारमा हाम्रो देश नेपाल शीर्षकको कविता रहेको छ। यस कवितामा राष्ट्रिय भाव झल्काउने खालका रङ्गीन चित्रहरू समावेश गरेर बालबालिकालाई नेपाल आमाप्रति अगाध प्रेम गर्ने मनस्थितिको उजागर गरेको पाइन्छ। यसमा १० वटा नमुना अभ्यासहरू समावेश गरिएको छ। ती नमुना अभ्यासमा पनि हिमाल, हिउँ, तराई आदि प्रकृतिसँग सम्बन्धित प्रसङ्गहरू दिइएको छ।

प्रस्तुत पाठ्यपुस्तकको अन्तिम वा उन्नाइसौं पाठ टिल्लीले धेरै मानिस बचाइन् शीर्षकको कथा रहेको छ। यस पाठमा समुद्रको छेउमा टिल्ली उभिरहेको चित्र समावेश छ भने सुनामी छाल आउने कुरा आमालाई बताउँदै गरेको चित्र पनि समावेश छ। पाठको अन्तिममा समुद्रमा छाल आइरहेको र मानिसहरू सामान बोकेर भाग्दै गरेको चित्र समावेश छ। यस पाठमा चौधवटा अभ्यासहरू छन्। जसको प्रश्न नं. ३ मा तलको चित्र हेरेर के के

देख्छौ, बताऊ भनी रङ्गीन चित्र समावेश गरिएको छ । त्यस्तै प्रश्न नं. ७ तलको चित्तेपात्रो पढ र सोधेका प्रश्नको उत्तर देऊ भनी २०६२ साल चैत्र महिनाको पात्रो समावेश छ । प्रश्न नं. ८ र ९ को बीचमा शिक्षक साथी भनेर निर्देशन गरिएको छ ।

त्यस्तै प्रश्न नं. १३ मा तलको तालिका हेर र सोधेका प्रश्नको उत्तर लेख भनी बिराटनगर बसपार्कमा जाने ठाउँ र बस छुट्ने समय तालिका दिएर तल कदेखि घसम्म जनकपुर जाने बस कति बजे छुट्छ ? छ बजे तिमीले काँकडभिट्टा जाने बस भेटेनौ अब के गर्छौ ? जस्ता प्रश्नहरू समावेश भएका छन् ।

## ४.७ नमुना अभ्यास

अभ्यास जति गर्‍यो कला वा सीप त्यति नै निखारिएर आउँछ। यसर्थ भाषा शिक्षणमा अभ्यासलाई केन्द्रबिन्दु बनाएर त्यसै अनुरूपको शिक्षण कार्यक्रम सञ्चालन गरिनु पर्दछ (भण्डारी र अन्य, २०६२ : २) ।

प्रस्तुत कक्षा दुईको मेरो नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने अर्को आधारमा नमुना अभ्यास हो । भाषिक सीप विकास नै भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य हो । फेरि सीप विकासमा अभ्यासको महत्त्वपूर्ण स्थान हुने भएकाले भाषा पाठ्यपुस्तकमा अभ्यासको केन्द्रीय स्थान रहन्छ ।

तालिका ७ : नमुना अभ्यासका किसिम

| विधा | पाठ शीर्षक | नमुना अभ्यास किसिम |
|---|---|---|
| कविता | नानी बाबु<br>झन्डा फरर<br>पुस्तक<br>नाच्यो जुरेली<br>के कहाँ बस्छ ?<br>हाम्रो देश नेपाल | सुन र गर, सुन र भन, एउटा गीत गाएर सुनाऊ, चित्र हेर र मिल्ने शब्दमा घेरा लगाऊ, शब्द र अर्थको जोडा मिलाऊ, अरुले सुन्ने गरी पढ, कापीमा सार, मन पर्ने वस्तुको चित्र बनाएर नाम लेख, सुन, भन र लेख, समुहमा छलफल गर, चित्र हेरेर नाम लेख, वाक्य सार, जोडा मिलाऊ, वाक्य पूरा गर, पढ र उत्तर भन, सुन र तिमी पनि भन, वाक्य बनाऊ, वाक्य पूरा गर |

| | | |
|---|---|---|
| कथा | सिंह र खरायो<br>चलाख फ्याउरो<br>मान्छेको बुद्धि<br>स्यालको जुक्ति<br>फेरि मुसो भएस्<br>टिल्लीले धेरै मानिस बचाइन् | शिक्षकले भनेका प्रश्नको उत्तर भन, शिक्षकले भनेको सुन र केको आवाज हो, भन, शिक्षकले भनेको सुन र तिमी पनि भन, अरुले सुन्ने गरी पढ, शब्द र अर्थको जोडा मिलाऊ कापीमा सार, चित्र हेरी छुटेका अक्षर राखेर सार, मन पर्ने जनावरको चित्र बनाएर नाम लेख, शिक्षकले भनेको सुनेर लेख, कथा सुनाऊ, ठीक शब्द छानेर लेख, जोडा मिलाऊ, सुनेर भन, छलफल गर, वाक्य बनाऊ, अनुच्छेद सार, रेडियो सुन र थाहा पाएको कुरा कक्षामा सुनाऊ, तिमीले जानेको कथा सुनाऊ, शब्दको र अर्थको जोडा मिलाऊ, पूर्ण विराम ( । ) र प्रश्न वाचक ( ? ) चिह्नमध्ये कुन मिल्छ, राख, कक्षा तिमीले दुईमा के के सिक्यौ पाँच वाक्यमा लेख |
| निबन्ध | मौरीको मह<br>गुनिलो जनावर<br>गाई<br>गौंथलीको गुँड<br>लुम्बिनी | मौरीजस्तै पाँचओटा किराको नाम भन, ठीक शब्द ठानेर लेख, देखेको कुनै एक जनावरको बारेमा बताऊ, वाक्य बनाउ, पढ र उत्तर भन, घर बनाउन के के कुरा चाहिन्छन् चराको गुँड र तिम्रो घरमा के के फरक छन् छलफल गर, चन्द्रबिन्दु ( ँ ) लागेका पाँच ओटा शब्द भन, वाक्य बनाउ, रेडियो बाल कार्यक्रम सुन र तिमीले सुनेका कुरा बताऊ, विद्यालयदेखि तिम्रो घर जाने बाटोमा पर्ने ठाउँका नाम बताऊ, तिमी घरमा के के काम गर्छौ भन, मानिसहरू लुम्बिनी घुम्न किन मर पराउँछन् बताऊ |
| संवाद | दीपक र प्रहरी दाइ<br>मामा माइजू<br>लाक्पा र पासाङ | प्रश्न सुन र उत्तर भन, कापीमा सार, शिक्षकले भनेको सुनेर लेख, मिल्ने शब्द राखेर तलका वाक्य सार, यताउता भएका शब्द क्रम मिलाएर सार, शब्द पढ, वाक्य सार, वाक्य बनाऊ |

स्रोत: मेरो नेपाली कक्षा २, २०७४

प्रस्तुत पाठगत नमुना अभ्यासको सूची बालबालिकाको चारवटै भाषिक सीप शिक्षणका लागि उपयुक्त रहेको देखिन्छ । विधागत रूपमा पाठका अभ्यासलाई विविधिकरण गरी अभ्यास शिक्षणले बालबालिकाको भाषिक सीप शिक्षणमा मद्दत गरिएको देखिन्छ । केही अभ्यास शिक्षणमा उच्चारणका शब्दसूचीहरू कम रहेको देखिन्छ ।

## ४.८ चित्र

भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने अर्को आधार चित्र पनि हो । चित्रको माध्यमबाट विद्यार्थीलाई विषयवस्तुको धारणा सिकाउन सहज हुन्छ । साथै वर्णनात्मक क्षमता, सूक्ष्म दृष्टिकोणको अभिवृद्धि एवम् अनुकरणात्मक सीप र कलाको प्रवर्द्धनमा भाषा पाठ्यपुस्तकका चित्रहरूको योगदान महत्त्वपूर्ण हुन्छ । यस पाठ्यपुस्तकका पाठहरू र चित्र सङ्ख्याहरूलाई यसप्रकार स्पष्ट पार्न सकिन्छ तर नमुना अभ्यासमा समावेश भएका चित्रहरू तालिकामा समावेश छैन ।

तालिका ८ : चित्र सङ्ख्या

| पाठ सङ्ख्या | चित्र सङ्ख्या |
|---|---|
| १. | ४ |
| २. | ४ |
| ३. | ३ |
| ४. | २ |
| ५. | १ |
| ६. | २ |
| ७. | १ |
| ८. | ३ |
| ९. | ३ |
| १०. | १२ |
| ११. | १ |
| १२. | २ |
| १३. | २ |
| १४. | १ |

| | |
|---|---|
| १५. | ९ |
| १६. | ४ |
| १७. | २ |
| १८. | १ |
| १९. | ३ |
| जम्मा | ६० |

स्रोतः मेरो नेपाली कक्षा २, २०७४

प्रस्तुत तालिकामा चित्र सङ्ख्या ६० रहेका छन् । प्रस्तुत पाठ एकको नमुना अभ्यासको ७ वटा चित्रहरू समावेश छन् । पाठ दुईमा ५ वटा चित्रहरू समावेश छन् । पाठ तीनको अभ्यासमा १० वटा चित्रहरू छन् । पाठ चारमा ६ वटा अभ्यासहरू छन् । त्यस्तै पाठ पाँचमा ४ वटा नमुना अभ्यासहरू छन् । पाठ ८ मा ७ वटा चित्रहरू छन् । पाठ नौमा ३, पाठ एघारमा १ वटा मात्र चित्र समावेश छ । पाठ उन्नाइसमा १ वटा मात्र चित्र रहेको छ ।

प्रस्तुत पाठ्यपुस्तकको नमुनामा चित्र समावेश भएका पाठहरूमा सबै चित्र प्रष्ट छन् र रङ्गीन रहेका छन् । समग्रमा भन्नुपर्दा पाठका चित्र रङ्गीन तथा आकर्षिक रहेको देखिन्छ । पुस्तकको सुरु मुखावरणमा बालबालिकाले बालमैत्री वातावरणमा खेलिरहेको, लुडोको गोटी छरिएको अवस्थामा दुईजना बालक मादल बजाएर नाचिरहेको चित्र देखाइएको छ । पाठको विषयवस्तु सम्बन्धित चित्र र अन्त्यसम्ममा उपयुक्त र विषयवस्तु केन्द्रित चित्र रहेको देखिन्छ ।

## ४.९ विविध

मेरो नेपाली पाठ्यपुस्तकमा विद्यार्थीहरूको भाषिक सीप विकासका लागि पर्याप्त अभ्यास राखिएका छन् । यसमा मौजुदा पाठ्यपुस्तक अध्ययन, अभ्यापनका क्रममा विद्यार्थी शिक्षकलाई पर्न सक्ने कठिनाइ समाधान गर्ने सामग्री र शिक्षकलाई आवश्यक शिक्षण निर्देशन पनि न्यून दिइएको छ ।

पाठ्यपुस्तकको अधिकांश पाठको अभ्यासमा रङ्गीन चित्रहरू राखिएको छ। त्यसैगरी नमुना अभ्यासमा नै भित्तेपात्रो दिएर बालबालिकाको बौद्धिक क्षमताको विकास हुने किसिमका पाठ्य सामग्री समावेश गरेको देखिन्छ।

पाठहरूमा शिक्षण निर्देशिका अधिकांश पाठहरूमा राखिएको छ। अघिल्ला पाठहरूमा अधिकांश शिक्षण निर्देशिका दिइएको छ भने पछिल्ला पाठहरूमा नमुना अभ्यास दिइएको छ तर अध्यापन गर्दा कठिनाइका सामग्री, अभिभावक निर्देशन तथा अतिरिक्त सामग्रीका बारेमा उल्लेख गरेको पाइँदैन। यस पाठ्यपुस्तकमा हाम्रो भनाइ पृष्ठमा शिक्षक अभिभावक निर्देशन, सन्दर्भसूची, शिक्षक सन्दर्भ सामग्री, शैक्षिक सामग्री, अतिरिक्त क्रियाकलाप जस्ता सामग्री समावेश गरिएको भनिए तापनि पाठ्यपुस्तकमा उल्लेख भएको पाइँदैन।

यस पाठ्यपुस्तकको सुरुदेखि भित्रको पृष्ठमा लेखक तथा सम्पादनका नाम दिइएको छैन यस पाठ्यपुस्तक परीक्षणका लागि तयार पारिएकाले यसलाई शिक्षक विद्यार्थीको राय सुझावबाट अझै परिष्कृत गर्ने लक्ष्य राखिएको छ।

## अध्याय पाँच : सारांश, निष्कर्ष, उपयोगिता र सुझाव

### ५.१ सारांश

प्रस्तुत **कक्षा दुईको नेपाली भाषापाठ्यपुस्तक** (२०७६) **को अध्ययन** शीर्षकको शोधपत्र तयारीका क्रममा यस पाठ्यपुस्तक आन्तरिक र बाह्य पक्षको अध्ययन गरिएको छ। अध्ययन विधिका रूपमा पुस्तकालयीय विधि, वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ। सैद्धान्तिक आधारअन्तर्गत शोधको शीर्षकसँग मेल खाने प्रकाशित तथा अप्रकाशित कृतिहरू रहेका छन्। पाठ्यपुस्तकको विश्लेषणअन्तर्गत आन्तरिक र बाह्य पक्षको अध्ययन गरिएको छ।

### ५.२ निष्कर्ष

प्रस्तुत कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकका बाह्य, भौतिक विशेषता, आवरण, आकारप्रकार, कागजको गुणस्तर, छपाइ र बँधाइ, अक्षराकार र ठाउँ छोडाइ, मूल्य र सुलभता साथै आन्तरिक एवं प्राज्ञिक विशेषताहरू (विषयवस्तु/पाठ्यवस्तु, विधाको छनौट, पाठको प्रस्तुतीकरण र विविधता, भाषाशैली, चित्र, नमुना अभ्यास र अन्य विविधताको अध्ययन गरिएको छ। पाठ्यपुस्तकमा हुनुपर्ने विशेषता वा पाठ्यपुस्तक विश्लेषणका आधारहरू कुन पाठ्यपुस्तकमा उपयुक्त छ। पाठ्यपुस्तकका आन्तरिक, प्राज्ञिक पक्ष र बाह्य भौतिक पक्ष के कस्ता छन् भनी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ। कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकको अध्ययन गर्दा पाठ्यपुस्तकमा निम्न तथ्यहरू प्राप्त भएका छन् :

- पाठ्यपुस्तकको आवरण बलियो, आकर्षक देखिँदैन।
- अक्षरको आकारमा उपयुक्त ठाउँ छोडाइ न्यून, कागजको स्तर गुणस्तरीय देखिँदैन।
- पाठ्यपुस्तकमा धागोको बधाइँ देखिँदैन, पाठ्यपुस्तक निःशुल्क रहे तापनि सर्वसुलभताका दृष्टिले कमजोर रहेको देखिन्छ, ।
- पाठ्यपुस्तकका चित्रहरू रङ्गहीन रहेका छन्।
- पाठ्यपुस्तकका आन्तरिक विशेषताका आधारमा विषयवस्तु तथा पाठ्यवस्तु निर्देशित गरेका क्षेत्रहरूलाई समेटेको देखिए तापनि पाठ्यपुस्तकका अन्तिम पाठहरूमा विषयवस्तु कठिन र शब्दहरू जटिल रहेको पाइयो।
- विधागत प्रस्तुतीकरण पनि सन्तोषजनक रहेको पाइयो।
- नमुना अभ्यासअन्तर्गत उच्चारण शिक्षणका शब्दसूचीहरू कम पाइयो।

- भाषा पाठ्यपुस्तकमा सबै पाठमा शिक्षक निर्देशिका पाइएन र पाठका अन्तिम शब्दसूची पनि प्रयोग नगरेको पाइयो ।

पाठ्यपुस्तक निर्माण गर्दा राम्रा पक्षलाई जोड दिएर निर्माण गरिन्छ। तर काम गर्दागर्दै केही कुराको अपुग हुन्छ। पूरा भएका कुरालाई सबल पक्ष भनिन्छ। नेपाली पाठ्यपुस्तक नेपाल सरकारद्वारा वितरण हुने भएकाले मूल्यमा सुलभ रहेको पाइन्छ। भाषा पाठ्यक्रमको उद्देश्य अनुसार पाठ्यपुस्तक निर्माण भएको पाइन्छ। भाषिक सीप विकासका लागि पाठ्यपुस्तकमा पर्याप्त पाठ सङ्ख्या र नमुना अभ्यास रहेको पाइन्छ। नेपाली पाठ्यपुस्तकमा कार्यमूलक व्याकरणलाई आगमन विधि ख्याल गरेर सरलदेखि जटिलको क्रममा राखिएको पाइन्छ। भाषा पाठ्यपुस्तकमा चारवटा भाषिक सीपको विकास गर्ने विषयवस्तु समावेश गरिएको पाइन्छ। भाषा पाठ्यपुस्तकमा विषयवस्तुको आशय बुझाउने चित्रहरू समावेश गरिएको छ। भाषा पाठ्यपुस्तकमा समावेश भएका पाठहरू सरल वाक्य पाइन्छ। भाषा पाठ्यपुस्तकमा दोहोरिएका शब्दहरू बढी पाइन्छ। भाषा पाठ्यपुस्तकमा विषयवस्तु ज्ञानवर्धक र उपदेशमूलक देखिन्छन्। भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासमा विविधता पाइन्छ।

समग्रमा भन्नुपर्दा विधागत क्षेत्रमा एकरूपता पर्याप्त नमुना अभ्यास साथै पर्याप्त शब्दभण्डार र समसामयिक विषयवस्तु समावेश गरी भाषिक सीपको विकास गर्ने उद्देश्य पाठ्यपुस्तकले राख्नु नै पाठ्यपुस्तकका सबल पक्ष मान्न सकिन्छ। पाठ्यपुस्तकमा पर्याप्त सबल पक्ष हुँदाहुँदै पनि केही न केही अवगुण अथवा सुधार गर्ने पक्षहरू रहेका छन्। पाठ्यपुस्तक निर्माण गर्दा राम्रा पक्षलाई जोड दिएर निर्माण गरिन्छ तर काम गर्दागर्दै केही कुराको अपुग हुन्छ। पूरा नभएका कुरालाई दुर्बल पक्ष भनिन्छ। भाषा पाठ्यपुस्तकमा आवरण कमजोर कागजको र प्लाष्टिक कोडेड नभएको पाइयो। पाठ्यपुस्तकमा प्रयुक्त कागज बाक्लो, चहकिलो हुनुपर्नेमा कागज र मसी कम गुणस्तरको भएकाले सहजै च्यातिने, अक्षर मधुरो रहेको पाइन्छ। उच्चारण गर्न कठिन शब्द र शब्दार्थलाई पूर्वपठनको रूपमा मूलपाठभन्दा अगाडि राखिएको देखिँदैन। पाठ्यपुस्तक मूल्यमा सुलभता भए तापनि समयमा आवश्यक ठाउँमा उपलब्ध नभएको पाइन्छ। भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासमा उच्चारणका अभ्यास कम भएको पाइन्छ। भाषा पाठ्यपुस्तकका विधागत पाठमा कठिन शब्दहरू समान रूपमा नभएको पाइयो। भाषा पाठ्यपुस्तकका चित्रहरूले आशय बुझाउने

खालका भए पनि बढी मसीको प्रयोग भएको पाइयो । भाषा पाठ्यपुस्तकका पाठ १४ र पाठ १९ मा विषयवस्तु जटिल र शब्दहरू नयाँ अथवा कठिन रहेका पाइयो ।

## ५.३ उपयोगिता

अनुसन्धानमा प्रस्तुत अध्ययनले पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषतालाई केलाई नतिजामूलक बनाइ जानकारी तथा धारणाा स्पष्ट पार्न यस अध्ययनले सहयोग गर्दछ । यस अध्ययन प्राथमिक शिक्षा अन्तर्गत कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकको विश्लेषणमा अनुसन्धान कार्य सम्पन्न गरिएको छ ।

## ५.४ सुझाव

यस अनुसन्धानमा अनुसन्धेय पाठ्यपुस्तक कक्षामा कार्यान्वयन भइरहेकाले पाठ्यपुस्तकमा भेटिएका कमजोरीहरू सुधार गर्न र सबल पक्षहरूलाई मनन गरी अरू प्रभावकारी बनाउन नीति निर्माण तह पाठ्यपुस्तकलाई उपयुक्त किसिमले प्रयोग गर्न कार्यान्वयन तह र पाठ्यपुस्तकका क्षेत्रमा थप अनुसन्धान गर्न चाहने भावी अनुसन्धाता लगायत सम्पूर्ण सरोकारवालाहरूलाई यहाँ दिइने सुझावहरूले केही न केही मार्गनिर्देशन गर्न सक्नेछ। प्रस्तुत अनुसन्धानबाट प्राप्त निष्कर्ष अनुसार निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्ष अनुसार निम्न अनुसारका सुझावहरू दिइएको छः

- पाठ्यपुस्तक सम्बन्धी नीति निर्माण समयमा पूरा गर्ने,
- पाठ्यपुस्तक चित्रहरू आकर्षक तरिकाले छाप्न निर्देशन दिने,
- वर्तमान अवस्थामा लैङ्गिक समानता र श्रमशीलता जस्ता भावनाको विकास गर्ने खालका विषयवस्तु बढी मात्रामा समावेश गर्नुपर्ने,
- अपाङ्ग विद्यार्थीहरूका लागि उचित शिक्षण विधि र शिक्षण सामग्रीको व्यवस्था गर्नुपर्ने,
- नेपाली परिवेश अनुकूल भाषिक, सामाजिक, सांस्कृतिक, धार्मिक सहिष्णुता विकास गर्न सहयोग पुऱ्याउने विविध र पर्याप्त विषयवस्तुहरू विभिन्न विधाहरूमा समावेश गर्नुपर्ने,

- पाठ्यक्रमका साथै पाठ्यपुस्तकमा पनि विधाअनुसार भाषाका चारवटै भाषिक सीपको समान विकास हुने शिक्षण सामग्री अझ बढी समावेश गर्नुपर्ने,
- शिक्षण सिकाइ क्रियाकलाप र सन्दर्भ सामग्रीका बारेमा शिक्षकलाई स्पष्ट निर्देशन दिनुपर्ने,
- अभ्यासमा उच्चारणका लागि कठिन शब्दहरूको सूची राख्ने,
- नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट विधा तथा विषयवस्तुले नेपाल र नेपालीप्रति सम्मान तथा गौरव गर्ने, नेपाली भाषाप्रति अपनाएको भावना विकसित गर्नुपर्ने,
- पाठ्यपुस्तकको उपयुक्त छनौट स्तरण र प्रस्तुतीकरण गर्नुपर्ने,
- पाठ्यपुस्तकलाई सर्वसुलभ बनाउन पाठ्यपुस्तक छपाइ र वितरणका लागि आवश्यक पर्ने उपयुक्त रणनीति तय गर्नुपर्ने,
- भाषा पाठ्यपुस्तकका भौतिक र प्राज्ञिक पक्षको निश्चित मापदण्ड पूरा गरेको पाठ्यपुस्तकलाई मात्र पठनपाठनका लागि स्वीकृति र अनुमति दिएर गुणस्तरीय पाठ्यपुस्तक तयार गर्नुपर्ने,
- पूर्वपठनका रूपमा कठिन शब्द उच्चारणलाई मूल भागभन्दा अगाडि समावेश गरिनुपर्ने,
- पाठ्यपुस्तक सर्वसुलभ तरिकाले सम्बन्धित क्षेत्र तथा व्यक्ति समक्ष पुऱ्याउनु निर्देशन दिने,
- शिक्षकले विद्यार्थीलाई मैले पढ्नुपर्ने रहेछ भन्ने भावना जागृत गराउनुपर्ने,
- शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तकमा गाता लगाउन निर्देशन दिने,
- पाठ्यपुस्तकको विषयवस्तु जटिल भएमा शिक्षकले विधि प्रक्रिया अवलम्बन गरी शिक्षण गराउने,
- शिक्षणका क्रममा शिक्षकले अनिवार्य शिक्षण निर्देशिका अनुरूप शिक्षण गराउने,
- प्रत्येक पाठका नमुना अभ्यास गराउने,

- शिक्षकले शिक्षण गराउँदा विद्यार्थीलाई विषयवस्तुतिर आकर्षित गर्न आफैँले तयार पारेका चित्र प्रस्तुत गर्ने,
- पाठ्यपुस्तकका सुरुमा कठिन शब्दहरू राखी उच्चारण गर्न अभ्यास गराउने,
- पाठमा भएका कठिन शब्दलाई सूची बनाइ शिक्षण गराउने,
- विद्यालयमा विभिन्न अतिरिक्त कार्यक्रम सञ्चालन गरी विद्यार्थी उत्प्रेरित गर्न पुरस्कारको व्यवस्था गर्ने,
- शिक्षण सिकाइका लागि शिक्षक विद्यार्थीको आवश्यकता अनुसार उचित वातावरण निर्माण गर्दै समतामूलक व्यवहार गर्नुपर्ने,
- कार्यमूलक तथा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ गर्नुपर्ने,
- सम्बन्धित निकायले कार्यान्वयनको समय-समयमा अनुगमन गर्नुपर्ने,
- विद्यालय तथा घरमा बालमैत्री वातावरण निर्माण गर्नुपर्ने,
- शिक्षकले विद्यार्थीलाई निर्माणात्मक र निदात्मक परीक्षा गराई पृष्ठपोषण दिने,
- पाठ्यपुस्तकको उपयोग तथा सिकाइका कमी कमजोरीका सम्बन्धमा जानकारी तथा सचेतना विकास गर्ने,
- विभिन्न शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीहरूको प्रयोगद्वारा शिक्षण रुचिपूर्ण बनाउनुपर्ने,
- पाठ्यपुस्तकको उपयोग तथा सिकाइका कमी कमजोरीका सम्बन्धमा जानकारी तथा सचेतना विकास गर्न शिक्षक, अभिभावक र विद्यार्थीबीच त्रिपक्षीय छलफल अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गर्नुपर्ने,
- पाठ्यपुस्तक परिमार्जन गर्नु परेको सरोकारवाला निकायलाई जानकारी गराउनु पर्ने,
- नेपाली भाषा पाठ्यपुस्तक तथा शिक्षणका माध्यमबाट विद्यार्थीहरूलाई नेपाल र नेपाली भाषाप्रति सम्मान तथा गौरव गर्ने र नेपाली भाषाप्रति रुचि जगाउने वातावरण शिक्षक, अभिभावक तथा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूले निर्माण गर्नुपर्ने,
- पाठ्यपुस्तकलाई सहयोग गर्ने विभिन्न सहकार्यकलाप सञ्चालन गर्नुपर्ने ।

### ५.४.१ भावी अनुसन्धान तह

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो वर्ष नेपा. शिक्षण पाठ्यांशको प्रयोजनार्थ सीमित स्रोत र साधनबाट यो अनुसन्धान तयार पारिएकाले यसलाई नै उच्च महत्व नदिई थप आवश्यक भावी अनुसन्धान गर्नुपर्ने हुन्छ ।

### ५.४.२ सम्भावित शीर्षकहरू

यस शोधपत्रका सम्भावित शीर्षकहरू निम्न अनुसार रहेका छन् :

- कक्षा तीन मेरो नेपाली पाठ्यपुस्तकको अध्ययन
- कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको अध्ययन
- कक्षा चारको मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन
- कक्षा छको नेपाली पाठ्यपुस्तकको विश्लेषण

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०५९), *सामाजिक तथा प्रयोगिक भाषा विज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रीविशाल (२०४०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी पुस्तक प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज र शर्मा केदारप्रसाद (२०६५), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

*आधारभूत शिक्षा पाठ्यक्रम* (२०६९), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

काफ्ले, लक्ष्मी (२०७२), *कक्षा सातको नेपाली र रसिलो नेपालीको तुलना,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा झापाः नेपाली भाषा शिक्षण विभाग ।

कोइराला, पुष्पा (२०५९), *कक्षा छको हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन,* काठमाडौं : अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा भाषा शिक्षण विभाग ।

खनिया, बुद्धराज र अन्य (२०६६), *नेपाली भाषा शिक्षण* (प्र.सं), काठमाडौं : जुपिटर प्रकाशक तथा वितरक प्रा.लि ।

ढकाल, शान्तिप्रसाद (२०६७, *नेपाली भाषाशिक्षण परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन ।

पौडेल, नेत्रप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौं : पैरवी प्रकाशन ।

पौडेल, नेत्रप्रसाद (२०७०), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : पैरवी प्रकाशन ।

पौडेल, भीमबहादुर (२०७३), *कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको तुलना,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) झापा : त्रिभुवन विश्वविद्यालय कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा झापा ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०७३), *भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौंः बागबजार पिनाकल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि, घिमिरे तुलसीराम र नेपाल शक्तिराज (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, ओझा रामनाथ, सुवेदी सखिशरण, अर्याल टेकराज र शालिकराम पौडेल (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

मेरो नेपाली कक्षा २ (२०७४ पुनर्मुद्रण), काठमाडौं : नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र, शिक्षा मन्त्रालय ।

रसाइली, सिर्जना (२०७३), *वर्तमान कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन* (अप्रकाशित शोधपत्र), इटहरी : जनता बहुमुखी क्याम्पस ।

लामिछाने, यादवप्रसाद (२०७२), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, टीकाराम (२०६०), *कक्षा पाँचको मेरो नेपाली किताब र सजिलो नेपालीमालाको तुलनात्मक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

श्रेष्ठ, तारादेवी (२०७४), *कक्षा आठको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त विविध नमुना अभ्यास : एक तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र), झापा : मदन आश्रित स्मृति बहुमुखी क्याम्पस ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

परिशिष्ट

